साउन - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क ७ | २०७२, साउन १–१५ | पूर्णाङ्क ५५३




प्रकाशक


## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

---

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ५ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | १ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | १२ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ३ |
| एकल इजलास | ४ |
| अन्तरिम आदेश | ३ |
| जम्मा | ६१ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, साउन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०– ०१– ३३३– ५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

---

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१** |
| १. | जालसाजी | खैतुन तेसा वि. तेतरी मियाइनीसमेत, अम्बरलाल माझी वि. तेतरी मियाइनीसमेत | |
| **संयुक्त इजलास** | | | **१-४** |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. उदगार ठाकुर वरहीसमेत | |
| ३. | उत्प्रेषण/ परमादेश | वसन्त रायमाझी वि. प्रधानन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण/ परमादेश | जिल्ला स्वास्थ्य कार्यालय, सल्यान तथा आफ्नो हकमा ऐ.ऐ. कार्यालयका प्रमुख रामराज पन्थीसमेत वि. टिकाराम बस्नेत | |
| ५. | निषेधाज्ञा/ परमादेश | मोहन गिरी वि. प्रमोद खड्का | |
| ६. | निषेधाज्ञा | मनोहर तिवारी वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | |
| **इजलास नं. १** | | | **४-९** |
| ७. | बन्दी प्रत्यक्षीकरण | भीमकृष्ण चौंलागाईं वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहल, काठमाडौंसमेत | |
| ८. | करकाप | मसीहीउद्दीन मुसलमानसमेत वि. मजीउल्लाह मुसलमानसमेत | |
| ९. | अंश चलन | अजयकुमार सिं गुरूङ वि. प्रियङ्का गुरूङ, अरूणकुमार सिं गुरूङसमेत वि. प्रियङ्का गुरूङ | |
| १०. | परमादेश | संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) नेपालका अख्तियारप्राप्त व्यक्ति ऐ.का अध्यक्ष मुकुन्द गौतम वि. शिक्षा मन्त्रालयसमेत | |
| ११. | मोही प्रमाणपत्र पाऊँ | रामस्वार्थ पाण्डेसमेत वि. प्रद्युम्न मिश्र | |
| १२. | उत्प्रेषण | बन्दना गोदार थापा वि. पोखरा विश्वविद्यालय, लेखनाथ नगरपालिका, पोखरासमेत | |

| | | |
|---|---|---|
| १३. | जग्गा दर्ता | हरिहरप्रसाद बानिया(बर्नवाल) वि. पर्वतराज कान्त मिश्र |
| १४. | जालसाजी | रहिम उल्ला अन्सारीसमेत वि. नेहा खातुनसमेत |
| **इजलास नं. २** | | **९** |
| १५. | उत्प्रेषण | रामबाबु राय यादव वि. उमाकान्त राय यादवसमेत |
| **इजलास नं. ३** | | **९-१२** |
| १६. | उत्प्रेषण | नवराज चापागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| १७. | भ्रष्टाचार | नेपाल सरकार वि. थिरबहादुर कटुवाल |
| १८. | बन्दी प्रत्यक्षीकरण | रामनेवास मौर्य वि. जिल्ला कारागार शाखा तौलिहवा, कपिलवस्तु |
| १९. | नागरिकता प्रमाणपत्र दिलाई पाउँ | कलरूल आलम मियाँ वि. जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| २०. | अपुताली हक कायम | मण्डवी कार्की वि. धन कार्कीसमेत |

| | | |
|---|---|---|
| २१. | निषेधाज्ञा | दशै यादव वि. लोकनाथ यादव |
| २२. | मानव बेचबिखन तथा जीउ मास्ने बेच्ने | नेपाल सरकार वि. रेखा तामाङसमेत |
| **इजलास नं. ४** | | **१२-१६** |
| २३. | उत्प्रेषण/ परमादेश | खुसबुकुमारी व्यारसमेत वि. बद्री महतो सुडीसमेत |
| २४. | उत्प्रेषण/ परमादेश | नविनकुमार बस्नेत वि. चुडामणि गिरीसमेत |
| २५. | घर भत्काई चलन चलाई पाउँ | राधेश्याम अग्रहरि वि. हरद्वार कसौधन (बनिया) |
| २६. | लेनदेन | शान्तबहादुर शाही (खड्गे) वि. भाजुरत्न महर्जन, दुर्गादेवी शाही वि. शान्तबहादुर शाही |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्ष्मी भन्ने विष्णु अर्याल |
| २८. | घरमा आगो लगाई ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. चन्द्रबहादुर खड्का |

| इजलास नं. ५ | | १६-२२ |
|---|---|---|
| २९. | उत्प्रेषण / परमादेश | विक्रम खड्का वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक काठमाडौंसमेत |
| ३०. | चोरी | विश्वनिधि अर्याल वि. नेपाल सरकार |
| ३१. | कर्तव्य ज्यान | ललिता वली वि. नेपाल सरकार |
| ३२. | उत्प्रेषण | ईश्वरराज रेग्मी वि. सामान्य प्रशासन मन्त्रालयसमेत |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नरबहादुर गुरूङ |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रनबहादुर सुनार |
| ३५. | निर्णय बदर | मु.स. गर्ने हरिशङ्कर राय यादव वि. रघुनी राय यादव |
| ३६. | उत्प्रेषण | जादोलाल साह तेली वि. भोला राउत अहिरसमेत |
| ३७. | परमादेश | विरक्त स्वामी सम्बुद्धसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत |
| ३८. | उत्प्रेषण | ब्रम्हसिं राजबंशी वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत |
| ३९. | कर्तव्य ज्यान | दीपक वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **२२-२३** |
| ४०. | उत्प्रेषण | धर्म महर्जन वि. सानुमाया भन्ने सानु महर्जनसमेत |
| ४१. | उत्प्रेषण | भुतही तेलीन वि. जादोलाल साह तेलीसमेत |
| ४२. | किर्ते जालसाजी | कन्चन सिंह ठाकुर वि. भरोसे अहिरसमेत |
| **इजलास नं. ७** | | **२३-२४** |
| ४३. | उत्प्रेषण | शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ४४. | उत्प्रेषण | शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङख्या मन्त्रालयसमेत |
| ४५. | परमादेश | शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| **इजलास नं. ८** | | **२४-२६** |
| ६१. | परमादेश | अधिवक्ता राजाराम श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६२. | कर्तव्य ज्यान | डाका उद्योग, विस्फोटक पदार्थ, नेपाल सरकार वि. ललन मण्डल धानुकसमेत |

| | | |
|---|---|---|
| ६३. | डाँका | नेपाल सरकार वि. राज भन्ने गीतराज पाख्रीनसमेत |
| **एकल इजलास** | | **२६-२७** |
| ६४. | उत्प्रेषण | जिवेश्वर लाखेसमेत वि. विराटनगर उप.म.न.पा. को कार्यालय, विराटनगरसमेत |
| ६५. | उत्प्रेषण / परमादेश | भीष्मभूषण श्रेष्ठ वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६६. | उत्प्रेषण/ परमादेश | कल्पना भट्ट वि. त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खु, कीर्तिपुर |

| | | |
|---|---|---|
| ६७. | उत्प्रेषण/ परमादेश | रामकुमारी दाससमेत वि. लोचन दाससमेत |
| **अन्तरिम आदेश** | | **२७-२८** |
| ६७. | उत्प्रेषण/ परमादेश | विनोद सापकोटासमेत वि. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर काठमाडौंसमेत |
| ६८. | उत्प्रेषण | कपिलदेव साह वि. पुनरावेदन अदालत, जनकपुरसमेत |
| ६९. | उत्प्रेषण | तारा पौडेल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |

## पूर्ण इजलास

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-NF-०१४, ०१५, जालसाजी, *खैतुन तेसा वि. तेतरी मियाइनीसमेत, अम्बरलाल माझी वि. तेतरी मियाइनीसमेत*

एउटै लिखत विरूद्ध दुई विषयमा छुट्टाछुट्टै मुद्दा गर्न पाउने गरी कानूनले दुई बाटो प्रदान गरेकामा कुनै एक वा दुबै बाटो रोज्ने अधिकार वादीको हुने।

दुई विषयमा नालेस परेको अवस्थामा अदालतले निर्णय गर्दा मुद्दामा भएको तथ्य, उपचारको प्रकृति, हानि नोक्सानीको परिपूरण हुनसक्ने नसक्ने अवस्था र दुईमध्ये मूलभूत उपचार के हुन सक्छ जस्ता यावत कुरामा दृष्टि पुर्‍याई निर्णय गर्नु न्यायोचित हुन्छ । प्रस्तुत मुद्दामा जालसाजी घोषित गरी सजायसमेत हुन दाबी गरेको लिखत र लगाउको लिखत बदर मुद्दामा आफ्नो हकसम्म लिखत बदर गर्न दाबी गरेका राजिनामा र बकसपत्रका लिखत उही रहेको र लिखत बदर दर्तासमेतको मुद्दामा भएको फैसलाबाट वादीको हकजति लिखत बदर भई दर्तासमेत हुने गरी वादीले कानूनी उपचार प्राप्त गरी निजको हक स्थापित भइरहेको र हक मेटिने कार्य नभएको स्थितिमा हक मेटिने कार्य भयो भनी जालसाजीमा सजाय गर्न मनासिब हुने नदेखिने।

दाबीमा उल्लिखित लिखतमध्येबाट २ भागमध्येको १ भागको हदसम्म लिखत जालसाजी ठहर गरी यस अदालत, संयुक्त इजलासबाट मिति २०६१।१।१६ मा भएको फैसला उल्टी भै जालसाजीतर्फको वादीको दाबी पुग्न नसक्ने ठहर्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

इति संवत् २०७१ साल माघ १५ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-११३५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. उदगार ठाकुर वरहीसमेत*

प्रस्तुत मुद्दामा जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख भएको व्यहोरासँग मृतकको लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनको व्यहोरा एक आपसमा मेल खाएको देखिँदैन । त्यसका अतिरिक्त वादी पक्षबाट जाहेरवाला एवम् अनुसन्धानको क्रममा घटना विवरण उल्लेख गरी दिने र वस्तुस्थिति मुचुल्काका घटना प्रत्यक्ष देख्ने भनिएका कुनै पनि व्यक्तिलाई अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । प्रमाण ऐनमा भएको उक्त व्यवस्थाअनुसार जाहेरवाला तथा अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई अनुसन्धानको क्रममा आफूले व्यक्त गरेको भनाइलाई पुष्टि हुने गरी बकपत्र गरेको अवस्थामा मात्र अनुसन्धान तहकिकातको सिलसिलामा तयार भएका लिखतहरूले कानूनी मान्यता पाउने हुन्छ । अनुसन्धान तहकिकातको सिलसिलामा बुझिएका व्यक्तिहरूले अदालतमा उपस्थित भै आफूले अनुसन्धानको क्रममा व्यक्त गरेका कुरा पुष्टि गर्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिले अनुसन्धानको क्रममा व्यक्त गरेको कुराको कानूनी

महत्त्व रहँदैन। प्रस्तुत मुद्दामा वादी पक्षबाट जाहेरवाला लगायत अनुसन्धान तहकिकातको क्रममा कागज गर्ने कुनै पनि व्यक्तिलाई अदालतमा उपस्थित गराउन सकेको नदेखिएकाले अनुसन्धान तहकिकातको क्रममा खडा भएको लिखतलाई कानूनबमोजिमको प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था नहुने।

कुनै पनि व्यक्तिलाई अनुसन्धानको क्रममा बुझिएका व्यक्तिको कथनको आधारमा मात्र कसुरदार ठहराउन नमिल्ने भई त्यसरी बुझिएका व्यक्तिहरूको कथनको आधारमा दाबी प्रमाणित भएको मान्न नमिल्ने हुनाले प्रस्तुत मुद्दामा प्रत्यक्ष सार्थक र निश्चयात्मक प्रमाणको अभाव रहेको देखिँदा प्रतिवादीहरू कसुरदार रहेको मान्न मिल्ने भएन। त्यसका अतिरिक्त जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख भएको व्यहोरासँग लास जाँच मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनको व्यहोरा एक आपसमा मेल खाएको नदेखिएकाले वादीको अभियोग दाबी शङ्कारहित भएको भन्ने देखिएन। प्रमाण ऐन २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने भार वादी पक्षको भएकामा प्रस्तुत मुद्दा वादी पक्षबाट प्रतिवादीउपरको अभियोग दाबी शङ्कारहित तवरबाट पुष्टि गराउन सकेको नदेखिने हुँदा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने ठहर्‍याएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।८।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल मङ्सिर १५ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०५७३, उत्प्रेषण/परमादेश, *वसन्त रायमाझी वि. प्रधानन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै निजामती कर्मचारी कहिले सेवाबाट निवृत्त हुने हो भन्ने सम्बन्धमा निजले सेवा प्रवेश गर्दा पेस गरेको शैक्षिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र निजले भरेको सिटरोलमा उल्लेख भएको मितिको आधारमा उमेर गणना गरी अवकाश पाउने हुन्छ। सोही आधारमा रिट निवेदकलाई निजामती किताबखानाले दिएको पत्रको आधारमा निजले आफूलाई तोकिएबमोजिमको सेवा गरेको र पारिश्रमिक भुक्तानी लिएको देखिन्छ। निवेदकले सेवा प्रवेश गर्दा पेस गरेको नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा निजको जन्ममिति २०१२।१०।१२ नै उल्लेख भएको भन्ने कुरामा विवाद छैन। सोही आधारमा निजले सिटरोल भरेको र निजामती किताबखानाको कर्मचारीसम्बन्धी Personal Information System (PIS) अन्तर्गत तयार भएको व्यक्तिगत अभिलेखमा पनि सोहीबमोजिम अवकाश मितिको गणना गरी पत्र दिइएको छ। निजामती सेवा ऐन २०४९ को दफा ३३(३) बमोजिम अवकाश हुने मितिको गणना हुने प्रक्रिया एवम् तरिकासम्बन्धी व्यवस्था माथि उल्लेख भइसकेको छ। यसरी आफूले अवकाश हुने उमेर सम्बन्धमा ऐनमा भएको उक्त व्यवस्था र निजामती किताबखानाबाट प्राप्त गरेको पत्रबाट निवेदकको Legitimate Expectation सो अवधिसम्म काम गर्न पाउने भन्ने देखिन आउँछ। उक्त ऐनको व्यवस्थाबमोजिम निवेदकको अवकाश हुने उमेर सम्बन्धमा निजामती किताबखानाले पूर्व पत्रद्वारा जानकारी गराएभन्दा बढी अवधि निवेदकले कामकाज गरेको र तलब एवम् अन्य सुविधा प्राप्त गरेको भन्ने मिसिलबाट देखिन नआउने।

विपक्षी निजामती किताबखानाले निजामती कर्मचारीको अभिलेख दुरूस्त नराखेको अवस्थामा निजामती कर्मचारीले किताबखानाको पत्रको आधारमा आफूलाई तोकिएको सेवा दिएबापत पारिश्रमिक नपाउने भन्न मिल्ने हुँदैन। यी रिट निवेदकले अविच्छिन्नरूपमा आफू कार्यरत कार्यालयमा हाजिर भई कानूनबमोजिम तोकिएको काम गरी आएको र सोबापत पाउनु पर्ने पारिश्रमिकलगायतको सुविधा पाई आएकामा पछि प्राप्त हुन आएको कुनै प्रमाणपत्रमा

उल्लिखित व्यहोराको आधारमा एक पटक अवकाश मिति तोकिई कर्मचारी अवकाश भइसकेपछि सो अवकास मितिलाई संशोधन गरी अगावै अवकाश पाउनुपर्ने भनी अर्कै अवकाश मिति कायम गर्न कानूनसङ्गत नहुने।

काम गरी खाईपाई आएको तलब, भत्तालगायतका सुविधा फिर्ता दिनुपर्ने भन्नु न्यायसंगत् हुँदैन । निजामती किताबखाना वा आफू कार्यरत कार्यालयमा जानकारी नदिई वा आफूलाई अवकाश मिति थाहा हुँदाहुँदै बढी अवधि जानाजान सेवा गरेको अवस्थामा बदनियतपूर्वक वा छल गरी सेवा गरेको देखिए पृथक अवस्था हुनसक्छ। परन्तु प्रस्तुत विवादमा निवेदकले आफू अवकाश हुने मिति सम्बन्धमा कुनै प्रकारको छलकपट गरेको वा बद्नियतपूर्वक गलत मनसाय लिई बढी अवधि सेवा गरी तलब भत्ता सुविधा प्राप्त गरेको भन्ने देखिन आउँदैन । प्रस्तुत विवादमा निजामती किताबखाना स्वयंले मिति २०७०।१०।१२ मा रिट निवेदक अवकाश हुने भनी किटान गरी मिति तोकिएको अवस्था भएको हुँदा सो पत्रबमोजिम आफूलाई तोकिएको जिम्मेवारी पूरा गरी सेवा गरेबापत खाईपाई आएको तलब भत्ता फिर्ता भुक्तानी दिन भनी गरिएको निर्णय श्रमसम्बन्धी विधिशास्त्र र प्राकृतिक न्यायको मान्यताविपरीत हुने भै त्यस्तो निर्णय न्यायपूर्ण हुन नसक्ने।

रिट निवेदकले निजामती सेवा ऐन २०४९ को दफा ३३(३) बमोजिम सेवा प्रवेश गर्दा पेस गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र निजले भरेको सिटरोलसमेतमा निजको एउटै जन्ममिति २०१२।१०।१२ भन्ने उल्लेख भई निजामती किताबखानाले समेत २०७०।१०।१२ मा नै अनिवार्य अवकाश हुने भनी जानकारी दिई सोबमोजिम सिँचाई मन्त्रालयको निर्णयअनुसार मिति २०७०।१०।१२ मा अवकाश भइसकेपश्चात् निवृत्तिभरणको अधिकारपत्र लिन जाँदा पहिलेको अवकाश बदर गरी मिति २०६९।१०।१२ देखि अवकाश गरी एक वर्षको तलब, भत्ता, दशैंखर्च, कोषकट्टीलगायतको रकम असुलउपर गर्ने भनी निजामती किताबखानाबाट भएको निर्णय एवम् च.नं. ४१७३ मिति २०७०।१०।१२ को पत्र कानूनप्रतिकूल हुनुका अतिरिक्त प्राकृतिक न्याय र श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताविपरीत रहेको देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकलाई विपक्षी निजामती किताबखानाको मिति २०७०।२।२० च.नं. ६१४ को पत्रबमोजिम मिति २०७०।१०।१२ मा नै अवकाश दिई निवृत्तिभरणको अधिकारपत्र उपलब्ध गराउनु भनी विपक्षी निजामती किताबखानाको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** *०६९-CI-०२३९, उत्प्रेषण/परमादेश, जिल्ला स्वास्थ्य कार्यालय, सल्यान तथा आफ्नो हकमा ऐ.ऐ. कार्यालयका प्रमुख रामराज पन्थीसमेत वि. टिकाराम बस्नेत*

निवेदकको सरूवासम्बन्धी निर्णय कानूनविपरीतको भए निवेदकले तत्कालै सो निर्णयका विरूद्धमा उपचार खोज्नुपर्नेमा सो नगरी उक्त सरूवासम्बन्धी निर्णयलाई स्वीकार गरी काजमा समेत बसेकामा काज अवधि समाप्त भएपछि मात्र उक्त सरूवा कानूनविपरीतको भनी प्रस्तुत निवेदन दिएको देखिँदा निवेदकको सो दाबी विवन्धनको सिद्धान्तसमेतको प्रतिकूल हुन आउने।

निवेदकलाई प्राथमिक स्वास्थ्य केन्द्र, थारमारे, सल्यानबाट स्वास्थ्य चौकी कोटेमौला, सल्यानमा सरूवा गर्ने गरी विपक्षी जिल्ला स्वास्थ्य कार्यालय, सल्यानबाट मिति २०६७।११।१ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदकको निवेदन खारेज गर्नुपर्नेमा उत्प्रेषणको आदेशद्वारा जिल्ला स्वास्थ्य कार्यालय, सल्यानको मिति २०६७।११।१ को निर्णय बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति

२०६८।१२।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई निवेदकको निवेदन खारेज हुने।
इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम्।

४

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०२१४, निषेधाज्ञा/परमादेश, *मोहन गिरी वि. प्रमोद खड्का*

सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले निर्धारण गरेको सडक सीमाभित्र विपक्षी मोहन गिरीले घर निर्माण गर्न लागेको हुँदा उक्त सडक सीमाभित्र घर निर्माण नगर्नु भनी विपक्षी मोहन गिरीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने र सार्वजनिक सडकको संरक्षण गर्ने दायित्व भएका जिल्ला प्रशासन कार्यालय, प्युठान र मध्यपश्चिम सडक डिभिजन कार्यालय, प्युठानसमेतले सो बमोजिमको दायित्व पूरा नगरेको हुँदा उक्त सडक सीमाभित्र निर्माण भएका घर र निर्माण सामग्रीसमेत हटाउनु भनी सबै विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०६९।२।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

५

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-१११९, निषेधाज्ञा, *मनोहर तिवारी वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

निषेधाज्ञाको आदेश जारी हुनका लागि विवादित सम्पत्तिमा निवेदकको निर्विवाद हक स्थापित भएको र त्यस्तो निर्विवाद हक रहेको सम्पत्तिमा अर्को व्यक्तिले आघात पार्ने आशङ्काको स्थिति देखिनु पर्ने हुन्छ। तर प्रस्तुत निवेदनमा उल्लिखित घरजग्गा रोक्का राख्नका लागि निवेदकले काठमाडौं जिल्ला अदालतमा निवेदन दिएपछि सो अदालतले उक्त घरजग्गा रोक्का राख्न मालपोत कार्यालयमा पत्र पठाएको र उक्त पत्र पठाउनुपूर्व नै विपक्षी नागेश्वर बचत तथा ऋण सहकारी संस्थाले सोही घरजग्गा रोक्का राख्न पठाई रोक्कासमेत भइसकेको देखिँदा निवेदनमा उल्लिखित घरजग्गामा निवेदकको निर्विवाद हक स्थापित भएको मान्न नमिल्ने।

प्रस्तुत निवेदन पर्नुअघि नै विपक्षी नागेश्वर बचत तथा ऋण सहकारी संस्थाले उक्त घरजग्गा लिलाम गरी आफ्नो नाममा सकार गराई लिएको छ। लिलामसम्बन्धी कार्य रोकी पाउँ भनी निवेदन पर्नुअघि नै लिलामसम्बन्धी कार्य सम्पन्न भइसकेको स्थितिमा निषेधाज्ञाको आदेश जारी गर्नुको प्रयोजन रहने नहुने भई विवादित जग्गामा निवेदकको निर्विवाद हक स्थापित भएको नदेखिएको र रोकी पाउन दाबी लिएको लिलामसम्बन्धी काम सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुको कुनै प्रयोजन नहुने हुँदा निवेदकको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।९।२६ को फैसला सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः किशोर घिमिरे
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की,** ०७१-WH-०००८, बन्दीप्रत्यक्षीकरण, *भीमकृष्ण चौलागाई वि. वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहल, काठमाडौंसमेत*

निवेदकका नाममा जारी भएका दुवै म्याद मुलुकी ऐन, अ.बं. ११० नं. को "रीत पुऱ्याई तामेल भएको पाइएको" भन्ने मिति २०७१।३।२० मा आदेशसमेत

भएको वस्तुस्थितिबाट निवेदक / प्रतिवादीले आफ्नो मुद्दाको फैसला र आफ्नो नाउँमा दुई पटकसम्म जारी भएको पुनरावेदनको म्याद सम्बन्धमा बेवास्ता गरेको होइन भन्ने कुरा उचितरूपमा निवेदकबाट पुष्टि हुन नसकेबाट समेत निवेदन मागबमोजिम निवेदक विरूद्ध प्राकृतिक न्यायको सिद्धान्तविपरीत कुनै काम कार्वाई भएको र निवेदकलाई गैरकानूनी थुनामा राखिएको भन्ने देखिन नआउने हुँदा सर्वोच्च अदालतबाट मिति २०७१।३।२० मा भएको आदेशले निवेदकले उल्लेख गरेको पुनरावेदनको म्याद मुलुकी ऐन अदालती बन्दोवस्तको ११० नं. बमोजिम रीतपूर्वक छ भनी आदेश भएकाले वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।९।२४ मा भएको फैसला अन्तिम भै सो फैसलाबमोजिम लागेको दण्ड सजाय असूल गरी फैसला कार्यान्वयन गर्ने सिलसिलामा निवेदक पक्राउ परेको र फैसलाअनुसार कैद ठेकी कानूनबमोजिम कैदमा राखिएको कार्यलाई गैरकानूनी भन्न नमिल्ने भएबाट कानूनविपरीत निवेदकलाई थुनामा राखिएको अवस्था देखिन आएन । सर्वोच्च अदालतको आदेश विपरीत पूर्व आदेशको वैधतामा असर पर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे
कम्प्युटर: कल्पना बर्तौला
इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CR-०८५८, करकाप, *मसीहीउद्दीन मुसलमानसमेत वि. मजीउल्लाह मुसलमानसमेत*

करकापबाट भएको कागज मुलुकी ऐन, अ.बं. ३८ नं. बमोजिमको हदम्यादभित्रकै हुँदा बदर गरी प्रतिवादीहरूलाई सजाय गर्नु न्यायोचित नै हुन्छ । करकापबाट भएको कागज स्वत: बदर हुने र त्यस्तो जबर्जस्ती कागज गराउने कार्यलाई अपकार्य हो भनी घोषणा गर्नु मात्र पर्याप्त हुँदैन, त्यस्तो कार्यउपर दण्ड सजाय हुनसमेत आवश्यक हुने ।

सुरू कपिलवस्तु जिल्ला अदालतले फैसला गर्दा मुलुकी ऐन, दण्ड सजायका १८ नं. ले प्रतिवादीहरूलाई सजाय गर्न परेन भन्ने वाक्यांशसम्म उल्लेख भै सोको औचित्य पुष्टि गरेको पाइँदैन । अदालतमा मुद्दा चलिरहेको अवस्थामा सोलाई प्रभाव पर्ने गरी भएको करकापपूर्ण व्यवहारलाई सहज र औचित्यपूर्ण भन्न पनि सकिँदैन । अत: करकापको रीतले भएको कागज बदर गरी प्रतिवादीहरूलाई मुलुकी ऐन, दण्ड सजायको १२ नं. ले जनही रू. २५००।– जरिवाना थप गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको फैसलालाई त्रुटिपूर्ण मान्न नमिल्ने ।

सुरू कपिलवस्तु जिल्ला अदालतले करकाप गरी भएको कागज बदर गरी प्रतिवादीहरूलाई कुनै सजाय गर्नु नपर्ने गरी भएको फैसला सो हदसम्म केही उल्टी भई दण्ड सजायका १२ नं. ले प्रतिवादीहरूलाई जनही रू. २,५००।– (दुई हजार पाँचसय रूपैयाँ) जरिवाना गर्ने गरेको पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।७।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे
कम्प्युटर: कल्पना बर्तौला
इति संवत् २०७० साल कात्तिक ३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-१३४३, १३४४, अंश चलन, *अजयकुमार सिं गुरूङ वि. प्रियङ्का गुरूङ, अरूणकुमार सिं गुरूङसमेत वि. प्रियङ्का गुरूङ*

पुनरावेदकहरूले तायदाती फाँटवारीमा उल्लिखित कि.नं. ४११०, ५११५ र ५११६ का घर जग्गा आफू अरूणकुमार सिंह गुरूङ र श्रीमती तीर्थ गुरूङको नोकरीबाट प्राप्त सम्पत्ति भएकाले सो सम्पत्ति बन्डा लाग्नु नपर्ने भनी जिकिर लिएको देखिए तापनि सो सम्पत्ति निज प्रतिवादीहरूको निजी आर्जनको सम्पत्ति भएको भन्ने तथ्य पुष्टि हुने गरी स्पष्ट प्रमाण केही पेस गर्न सकेको देखिँदैन । प्रतिवादी अरूणकुमारले

मिति २०४४।१२।२ मा तिर्थ गुरूङलाई उल्लिखित जग्गाहरू हा.व. गरी दिएका कारण ती जग्गा निजका नाममा दर्ता भएका हुन् । पुनरावेदकहरू अरूण गुरूङ र अजय गुरूङका बीच २०३१ चैत्र १५ मा चुलो मानो छुट्टी भिन्न बसेको भन्ने प्रतिउत्तर जिकिर लिए तापनि सो कुरालाई पुष्टि गर्ने प्रमाण पेस भएको देखिँदैन । प्रतिवादीमध्येका अरू कुमार सिंह गुरूङ, अजयकुमार सिंह गुरूङ एकै सगोलका दुई दाजुभाइ रहेको कुरालाई प्रतिवादीहरूले अन्यथा भन्न सकेको पनि देखिन्न । यसरी दुई दाजुभाइबीच विधिवत्‌रूपमा छुट्टी भिन्न भएको भन्न मिल्ने अवस्था नरहेका कारण निजहरू एकासगोलमा रहे बसेको मान्नु पर्ने हुन आउने ।

यी पुनरावेदकद्वयका काका आफ्ना दाजुलाई भारतमा नै छोडी नेपालमा बसोबास गरेका भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ । यसरी यिनका पिता र काका छुट्टै बसेका भए तापनि अमृतप्रसाद र देवी प्रसादबीच विधिवत्‌रूपमा अंशबन्डा भई छुट्टै बसेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन सकेको छैन । यी पुनरावेदक द्वयका पिता र काकाबीच अंशबन्डा भै नसकेको भन्ने देखिएबाट र यी पुनरावेदकद्वयका बीच पनि अंशबन्डा भई छुट्टी भिन्न बसेको भन्ने स्पष्ट आधार नदेखिएको हुँदा उक्त कि.नं. ४९ को जग्गा र सोमा रहेको घरसमेत एकासगोलकै सम्पत्ति मान्नुपर्ने हुन आयो ।

माथि विवेचित आधार कारणसमेतबाट कि.नं. ४१९०, ५११५, ५११६ को घर जग्गालाई २ भाग लगाई सोबाट १ भाग लगाई सो १ भागलाई २ भाग लगाई त्यसबाट १ भाग वादीले प्रतिवादीबाट अंश छुट्ट्याई लिन पाउने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी तथा कि.नं. ४९ को घर जग्गाका हकमा उल्टी गरी सो कि.नं. ४९ को घर जग्गालाई दुई भाग लगाई सो मध्ये एक भागलाई पुनः दुई भाग लगाई एक भाग वादीले अंश पाउने ठहराई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू अरूणकुमार सिंह गुरूङ, तीर्थ कुमारी गुरूङ र अजयकुमार सिं गुरूङको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०७०३, परमादेश, *संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) नेपालका अख्तियारप्राप्त व्यक्ति ऐ.का अध्यक्ष मुकुन्द गौतम वि. शिक्षा मन्त्रालयसमेत*

यी रिट निवेदकले नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लिखित कुन मौलिक हक हनन् भएको हो भनी आफ्नो निवेदनमा उल्लेख गरेको पाइँदैन । अवकाशित शिक्षकको सुविधाको प्रश्नमा संविधानले कुनै विशेष ग्यारेन्टी गरेको अवस्था देखिँदैन भने मौलिक हकको प्रचलनसम्बन्धी प्रश्न उपस्थित नभै यस अदालतको असाधारण अधिकार क्षेत्रको माध्यमबाट रिट जारी गर्ने अवस्था पनि नरहने ।

संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीसमेतको सुविधासमेतका सन्दर्भमा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ मा उल्लेख भएको पाइन्छ । त्यस्ता संस्थागत विद्यालयहरूमा कार्यरत रही अवकाश प्राप्त शिक्षकहरूको हकहितको कुरामा शिक्षा ऐन, नियमावलीमा केही थप व्यवस्था गर्नुपर्ने भए राज्यको विधायिकी प्रक्रियाबाट सम्बोधन गर्न सकिने नीतिगत वा क्षेत्रगत विषय भएकाले न्यायिक तबरबाट सम्बोधन गर्ने अवस्था रहँदैन । यसरी निवेदकले उल्लेख गरेको प्रस्तुत विषय न्यायिक तवरले व्यवस्थापन गर्न नसकिने भई विधायिकी तवरबाट सम्बोधन हुने विषय भएको अवस्थामा यस्तो दैनन्दिनको प्रश्नहरूमा उपचारात्मक विधिशास्त्रको कौतुहलता मेटाउने प्रयासको रूपमा पटकपटक प्रवेश गराइराख्नु मनासिब पनि नहुने ।

माथि विवेचित आधार समेतबाट रिट निवेदकले परमादेश जारी गरिपाउँ भनी माग गरेको विषय न्यायिक तवरबाट सम्बोधन गर्ने विषय नभै

विधायिकी तवरबाट सम्बोधन गरिने विषय भएकाले निवेदन मागबमोजिम परमादेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७१ साल मङ्सिर १४ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-०१९२, मोही प्रमाणपत्र पाऊँ, *रामस्वार्थ पाण्डेसमेत वि. प्रद्युम्न मिश्र*

१ नं. लगतमा जग्गाधनीको नाम उल्लेख गर्दा पत्नीको सट्टा लोग्नेको नाम उल्लेख गरेको भन्दैमा मोहीको हैसियतले जग्गा कमाएको कुरामा तात्त्विक अन्तर नराख्ने तथा १ नं. लगत भर्दाको जग्गाको लगतसँग मोहीले कमाएको भनेको जग्गाको ४ किल्ला नभिडेको भनी प्रतिवादीले लिएको जिकिरलाई १ नं. लगतमा जग्गाधनीको नाम लेख्दा श्रीमतीको नाम नलेखी श्रीमान्को लेखिएको भन्ने कुराले मात्रै प्रमाणित गर्न सक्दैन। आफूले कमाएको वास्तविक जग्गाकै कानूनबमोजिमको विवरण १ नं. लगतमा उल्लेख गरेको, २ नं. अनुसूची प्रकाशित भएको र ४ नं. बमोजिम जोताहाको अस्थायी निस्सासमेत प्राप्त भएको अवस्थालाई अनदेखा गरेर साबिकदेखि जग्गा जोती कमाई आएको यथार्थतालाई मान्यता नदिन तथा जग्गा जोतेको वास्तविक तथ्यमा विवाद नभइसकेपछि अन्य सामान्य प्राविधिक कुराको त्रुटि देखाई वादीलाई मोही हकबाट वञ्चित गर्न नमिल्ने।

जग्गा जोत्ने मोहीलाई त्यस्तो जग्गाको मोही हकबाट वञ्चित गर्न न्यायोचित एवम् विवेकसम्मतसमेत नहुनाले सुरू भूमिसुधार कार्यालय महोत्तरीले वादीलाई मोही प्रमाणपत्र प्रदान गर्ने गरी गरेको निर्णय सदर गरेको पुनरावेदन अदालत, जनकपुरको इन्साफलाई अन्यथा भन्न नमिल्ने हुँदा वादी दाबीको जग्गाको वादीले मोही प्रमाणपत्र पाउने ठहऱ्याएको भूमिसुधार कार्यालय, महोत्तरीको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६५।५।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: बाबुराम सुवेदी
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०५६९, उत्प्रेषण, *बन्दना गोदार थापा वि. पोखरा विश्वविद्यालय, लेखनाथ नगरपालिका, पोखरासमेत*

रिट निवेदकका कानून व्यवसायीले निवेदकको नाम खुल्लातर्फ प्रकाशित हुनुपर्ने भनी बहसको क्रममा जिकिर लिए पनि रिट निवेदकले रिट निवेदन दिने क्रममा सोसम्बन्धमा उल्लेख गर्न नसकेको र निवेदकले सो खुल्लातर्फ आवेदन दिएको भनी त्यस्तो प्रमाण पनि पेस गर्न सकेको पाइँदैन। यसरी आफूले आवेदन नै नगरेको विषयमा आफ्नो नाम समावेश गरिनुपर्ने भनी निवेदकको तर्फबाट उठाइएको तर्कसँग सहमत हुनसक्ने अवस्था नरहने।

रिट निवेदकले पोखरा विश्वविद्यालय, शिक्षक कर्मचारीसम्बन्धी नियमावली, २०५५ को नियम ५(ग) ७(च) मा उल्लिखित प्रावधानलाई कुनै चुनौती नदिई सो प्रावधान यथावत् रहेको अवस्थामा सो कानूनी व्यवस्थाबमोजिम प्रकाशित भएको परिणामलाई अन्यथा भन्नसक्ने अवस्था पनि नरहने।

कानूनी शासनमा संविधान एवम् कानूनअन्तर्गत स्थापित भएका निकायहरूले संविधान एवम् कानूनअन्तर्गत सञ्चालन हुनुपर्दछ। यो कानूनी शासनको सर्वमान्य सिद्धान्त नै हो। पोखरा विश्वविद्यालय सेवा आयोगले पोखरा विश्वविद्यालय शिक्षक कर्मचारीसम्बन्धी नियमावली, २०५५ मा उल्लिखित व्यवस्थाबमोजिम आफूअन्तर्गतको निकायमा सहायक प्रशासक (प्रशासन) को खुल्ला एवम् खुल्ला महिला समावेशीतर्फ रिक्त रहेका पदमा पदपूर्तिका लागि उक्त नियमावलीअन्तर्गत नै पदपूर्ति गरिएको कार्य उपर्युक्तबमोजिमको नियमावलीअन्तर्गत रहेको देखिँदा त्यसरी पदपूर्ति भएको विषयलाई

कानूनभन्दा बाहिर गै गरिएको कार्य भनी बदर गर्नसक्ने अवस्था नदेखिने ।

पोखरा विश्वविद्यालय सेवा आयोगद्वारा प्रकाशित गरिएको मिति २०७०।१०।२६ को अन्तर्वार्ताको नतिजा त्रुटिपूर्ण नदेखिँदा निवेदकको मागबमोजिम रिट जारी हुने अवस्था नहुँदा रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदन नै खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७०।११।४ मा जारी भएको अन्तरिम आदेशसमेत स्वत: निष्क्रिय हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल पुस १३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-००७८, जग्गा दर्ता, *हरिहरप्रसाद बानिया(बर्नवाल) वि. पर्वतराज कान्त मिश्र*

यस्तो तेरो मेरो परेको अवस्थामा प्रमाण पुगेको वा नपुगेको भनी मूल्याङ्कन गरी मालपोत कार्यालयले एकाको पक्षमा दर्ता गर्ने निर्णय गर्नसक्ने अवस्था देखिँदैन । प्रमाण पुगे नपुगेको भन्ने कुरा न्यायिक कार्य हो । मालपोत कार्यालयले न्यायिक प्रकृतिको कार्य गर्नसक्ने अवस्था नै रहँदैन । कानूनबमोजिम हक दाबीको बाटो प्रशस्त नगरी सवूदको प्रर्याप्तताको मूल्याङ्कन गर्ने अवस्था नै पर्दैन । कहिँकतै के कति प्रमाण पेस गर्‍यो गरेन, कसैको हक स्वीकार गरेको छ छैन भनी प्रशासनिक प्रकृतिको प्रक्रियाबाटै न्याय निरूपण गर्नसक्ने अवस्था रहँदैन । विवादको जग्गा विपक्षीको भनी निर्विवाद रूपमा स्वीकार नगरेको अवस्थामा हक बेहकको प्रक्रियामा नलागी बोल्न सक्ने अवस्था रहँदैन । यस्तो अवस्थामा हक बेहकमा नसुनाई हक बेहकको प्रमाणको मूल्याङ्कन स्वयं मालपोत कार्यालयले गर्न मिल्दैन । सर्जमिन पनि प्रमाण हो भनी मान्ने हो भने सोको मूल्याङ्कन गरी निर्णय गर्न पनि न्यायिक अधिकार क्षेत्र आवश्यक हुने ।

तेरो मेरोमा विवाद परेको अवस्थामा अदालतबाट हक बेहक छुट्याई ल्याउन सुनाउनु पर्नेमा सो नगरी मालपोत कार्यालय रूपन्देहीले प्रमाणको मूल्याङ्कन गरी निर्णय गरेको र सो निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६५।३।२२ को निर्णय मिलेको नदेखिएकाले बदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल मङ्सिर १४ गते रोज १ शुभम् ।
यसै लगाउका मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन् :

- ०६७-CI-००७२, ००७७, अपुताली जग्गा दर्ता नामसारी, *जगदम्बा प्रसाद पाण्डे वि. हरिहरप्रसाद (बर्नवाल), हरिहरप्रसाद बानिया (बर्नवाल), वि. रमाकान्त कान्त मिश्रसमेत*
- ०६७-CI-००७३, जग्गा दर्ता, *चन्द्रशेखर मिश्र वि. पर्वतराज कान्त मिश्र*

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०८६०, जालसाजी, *रहिम उल्ला अन्सारीसमेत वि. नेहा खातुनसमेत*

आफूउपर आफ्नो अंश मेट्ने उद्देश्यले अंशबापत रू.३,००,०००।– बुझेको भरपाई गरेको भन्ने वादीको दाबीलाई प्रतिवादीले खण्डन गर्न नसकेको एवम् वादीहरूले आफूबाट अंश प्राप्त गर्न सक्ने होइनन् पनि भन्न सकेको नदेखिएको भै वादीको समेत अंश हक मेट्ने मनसायले उक्त मिति २०६०।३।३ मा अंशबापत नगद रू.३,००,०००।– बुझिलिई सोको रजिस्ट्रेसनसमेत गराउने कार्यबाट यी वादीहरूको अंश हक मेट्ने उद्देश्य रहेको प्रस्ट देखिँदा प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, किर्ते कागजको ३ नं. को कसुरसमेत स्पष्टरूपमा भएको देखिने ।

प्रतिवादी अमानउल्ला अन्सारी वादीका पति तथा पिता भै निजहरूले यी पुनरावेदक प्रतिवादी अमानउल्ला अन्सारीबाट अंश हक प्राप्त गर्ने देखिएको र सो कुरालाई प्रतिवादीले अन्यथा भन्नसमेत सकेको नदेखिएकामा निज वादीहरूको अंश हक मेट्ने उद्देश्यले प्रतिवादी द्वयले र.नं. १०८७४ को अंश

भरपाईको लिखत खडा गरी पारित गरे गराएको तथ्य प्रमाणबाट पुष्टि भै निजहरूको उक्त कार्य मुलुकी ऐन, कीर्ते कागजको ३ नम्बरविपरीतको कसुरसमेत भएबाट सोहीअनुरूप यी पुनरावेदक प्रतिवादी अमानउल्ला अन्सारी र रहिम उल्ला अन्सारीलाई किर्ते कागजको १० नं. बमोजिम जनही रू. ३७,५००।– जरिवाना गर्ने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट भएको मिति २०६४।१०।२२ को फैसला मिलेकै देखिँदा सदर हुन्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम् ।

## इजलास नं. २

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०७५४, उत्प्रेषण, *रामबाबु राय यादव वि. उमाकान्त राय यादवसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ मा मौलिक हक "प्रदत्त हकको प्रचलनको लागि धारा १०७ मा लेखिएको तरिकाअनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको" पाइन्छ । त्यस्तै धारा १०७(२) मा "अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको" स्थितिमा मात्र यस अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरी उपचार माग गर्न सकिने व्यवस्था रहेको छ । प्रस्तुत निवेदनमा कानूनी उपचारको मार्ग नभएको भनी यस अधिकारको असाधारण अधिकार क्षेत्र प्रयोग गर्न आए तापनि फैसला कार्यान्वयनतर्फको तामेली म्यादलाई किर्ते जालसाजीतर्फ सामान्य कार्यविधिअन्तर्गत कारवाही चलिरहेको स्थितिमा निवेदकलाई असाधारण अधिकारक्षेत्र प्रयोग गर्न पाउने सम्भावना रहेको स्थिति देखिन नआउने हुँदा तामेली म्याद रीत/बेरीत सम्बन्धमा किर्ते जालसाजी मुद्दा परी पुनरावेदन तहमा विचाराधीन रहेको यस स्थितिमा सुरू सर्लाही जिल्ला अदालतका तहसिलदारले बिगोबापत गरेको लिलामलाई दण्ड सजायको ६१ नं. अनुसार जिल्ला न्यायाधीशले र अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन अदालत, जनकपुरले सदर गरेको कार्य एवम् त्यसपश्चात् भए गरेका अन्य कामकारवाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदन दाबी कानूनसम्मत मान्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : शान्तिप्रसाद आचार्य

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल जेठ २४ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-WO-०६४६, उत्प्रेषण, *नवराज चापागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सार्वजनिक सूचना प्रकाशित भएको ३५ दिनभित्र कुनै व्यक्तिको दाबी उजुरी नपरेपछि मालपोत कार्यालय, धादिङलाई यकिन जवाफ पठाइदिने भनी जवाफ माग गरिएकामा जिल्ला वन कार्यालय, धादिङको च.नं. १२४ मिति २०६६।५।१६ को पत्रबाट कि.नं. २६१ को जग्गा स्थलगत जाँचबुझ एवम् नापनक्सा गर्दा उक्त जग्गा कुनै सरकारी वन बुटेन सामुदायिक वन क्षेत्रभित्र पर्दैन भनी जवाफ प्राप्त भएपश्चात् सोही आधारमा मालपोत कार्यालय, धादिङबाट सिफारिस भई भूमिसुधार तथा व्यवस्था मन्त्रालय गएको र मन्त्रालयको निर्णयबमोजिम नेपाल सरकार मन्त्रीपरिषद्मा पेस भई मन्त्रीपरिषद्को मिति २०६७।७।१२ मा उक्त विवादित जग्गा विपक्षी जुनुकुमारी आचार्यसमेतका नाउँमा स्थलगत अवलोकन, प्रमाणका आधारमा दर्ता गर्ने गरी गरेको निर्णयले कनूनबमोजिम मिलेकै देखिने ।

जिल्ला वन कार्यालय धादिङ र धादिङ मालपोत कार्यालयले पेस गरेको मिसिलसंलग्न लिखित प्रमाणहरू समेतको आधारमा विवादित कि.नं.

२६१ को ज.रो. १२-७-३-० जग्गा विपक्षी जुनुकुमारी समेतको निजी जग्गा नभई सरकारी जग्गा हो भनी दाबी लिने निवेदकले निजी जग्गा होइन भन्ने कुनै ठोस प्रमाणद्वारा पुष्टि गरेको भने नदेखिने ।

कुनै कुरो यस्तो हो भनी कसैले कसैको विरूद्ध कुनै कुरामा दाबी लिन्छ भने त्यो कुरा स्थापित गर्ने वा पुष्टि गर्ने अभिभारा पनि आरोपकर्तामा नै रहन्छ भन्ने कुरा प्रमाण ऐन, २०३१ को दफा २६ मा उल्लेख भएको पाइन्छ । यस प्रकार "देवानी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाअनुसार यी निवेदकले विवादित जग्गा सरकारी सार्वजनिक हो भनी जिकिर लिए पनि लिखित जवाफकर्ताले निजी जग्गा नै हो भनी प्रमाणित गरिदिएको कुरालाई खण्डन गर्न सकेको नपाइने ।

एउटै निर्णयउपर असाधारण अधिकार क्षेत्र र साधारण अधिकार क्षेत्रबाट मुद्दा परेको छ भने साधारण अधिकार क्षेत्र नै आकर्षित हुन आउने ।

संवैधानिक व्यवस्थाअनुरूप अर्को उपचारको व्यवस्था अथवा साधारण अधिकारक्षेत्रको व्यवस्था नभएको वा सो व्यवस्था भए पनि सो उपचार अपर्याप्त भएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने हुँदा तथ्य, प्रमाण, संवैधानिक व्यवस्था तथा प्रतिपादित सिद्धान्त एवं विवेचनासमेतको आधारमा सरकारी जग्गालाई व्यक्ति विशेषको नाउँमा दर्ता सच्याउने गरी मिति २०६७।७।१२ मा नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय भूमिसुधार तथा व्यवस्था विभागको मिति २०६६।८।१८ को पत्र मालपोत कार्यालय, धादिङको मिति २०६६।७।१९ को निर्णय र मालपोत कार्यालय, धादिङबाट विपक्षीहरूको नाउँमा मिति २०६७।९।५ मा आआफ्नो नाउँमा स्रेस्तासमेत दिई सोही दिन विपक्षीहरूमध्ये साथी उद्योग प्रा. लि. का नाउँमा मालपोत कार्यालय, धादिङबाट भएको हक हस्तान्तरणको कार्य कानूनबमोजिमकै देखिनुका अतिरिक्त उक्त कि. नं. २६१ को जग्गा वादी ज्ञानेन्द्रप्रसाद विडारी समेत प्रतिवादी मालपोत कार्यालय, धादिङसमेत भएको निर्णय दर्ता बदर मुद्दा वादी दाबी पुग्न नसक्ने गरी भएको धादिङ जिल्ला अदालतको फैसला पुनरावेदन अदालत, पाटनबाट सदर हुने ठहरी फैसला भएकाले साधारण अधिकारक्षेत्रबाट विवेचना र विश्लेषण गरी निर्क्यौल भइसकेको समेत आधारमा निवेदन दाबी पुग्न नसकी प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०९८१, भ्रष्टाचार, *नेपाल सरकार वि. थिरबहादुर कटुवाल*

प्रतिवादीले बयानसाथ पेस गरेको उक्त २०६९।८।२२ को पत्र सम्बन्धित विद्यालयबाटै जारी भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिएको छ । प्रतिवादीले आफूसहित ७।८ जनाले २०३५ सालमा प्राइभेट टेस्ट परीक्षा दिएको भन्ने उल्लेख गरेकामा तत्कालिन समयमा टेस्ट परीक्षा विद्यालयले नै लिने गरेको, २०३५ सालमा प्राइभेट टेस्ट परीक्षा दिने कुनै पनि विद्यार्थीको अभिलेख विद्यालयमा नभएको तथा सो लेजर जि.शि.का. मा नपठाइने गरेकोसमेत प्रमाणित गरिन्छ भन्ने जनता उच्च माध्यमिक विद्यालयको पत्रमा उल्लेख भएबाट यी प्रतिवादीलगायत अन्य प्राइभेट परीक्षार्थीहरू समेतको अभिलेख विद्यालयमा नरहेको तथापि यी प्रतिवादी प्रत्यर्थीले आफूले सेवामा प्रवेश गर्दा पेस गरेको पत्र सम्बन्धित विद्यालयको नै हो भन्ने कुरा स्वयम् उक्त विद्यालयले स्वीकार गरेको अवस्था विद्यमान छ । त्यसरी यी प्रत्यर्थी प्रतिवादी परीक्षामा मौकामा नै सामेल नभएको भए त्यस्तो पत्र सम्बन्धित विद्यालयले सेवामा प्रवेश गर्दाका अवस्थामा प्रदान गर्न नपर्ने हो । २०३५ साल तिर टेस्ट परीक्षाको रेकर्ड नराख्ने गरिएको भएबाट तत्कालीन व्यवस्थाले उठाएको प्रश्न र सम्बन्धित विद्यालयले रेकर्ड नराखेको दोष यी प्रतिवादीउपर लगाउन नमिल्ने ।

शङ्काको आधारमा कुनै पनि व्यक्तिलाई दोषी करार गर्न नमिल्ने । प्रतिवादीको प्रमाणपत्र नक्कली हो

भन्ने पुष्टि हुने कुनै ठोस प्रमाण पुनरावेदक वादीले पेस गरेको देखिन नआउँदा प्रतिवादी थिरबहादुर कटुवाल २०५३ सालमा राष्ट्रिय चिया तथा कफी विकास बोर्डमा फिल्ड सहायक (सहायक तृतीय) पदमा स्थायी नियुक्ति लिँदा पेस गरेको सेन्ट अप टेस्ट (X) पास गरेको प्रमाणपत्र झुट्ठा हो भन्ने आरोपपत्रको माग दाबी पुग्न नसकी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहरेको विशेष अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: खगेन्द्रकुमार खत्री
इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००२५, बन्दीप्रत्यक्षीकरण, *रामनेवास मौर्य वि. जिल्ला कारागार शाखा तौलिहवा, कपिलवस्तु*

कानूनबमोजिम जाहेरी दरखास्तदेखि अभियोग पत्र, फैसला, मुलतबी जगाउने कार्य आदिलगायतका विभिन्न चरणमा कार्यविधिहरू पूरा गर्ने क्रममा पटकपटक यी रिट निवेदकलाई थाहा जानकारी हुँदाहुँदै फैसला भएको यति लामो समयपश्चात् मैले कुनै कुरा थाहा, जानकारी पाइन भनी रिट निवेदनको माध्यमबाट असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको कुरा विश्वासप्रद नदेखिएकाले कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६४।४।२७ मा भएको फैसला अन्तिम भई बसेको तथा सो फैसलाबमोजिम फैसला कार्यान्वयनको सिलसिलामा रिट निवेदकलाई मिति २०७१।१।१५ मा पक्राउ गरी थुनामा राखिएको र सोही जिल्ला अदालतबाट भएको मिति २०७१।२।२९ मा भएको आदेशउपर पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।५।२६ मा भएको आदेशसमेत कानूनबमोजिम र कानूनी प्रक्रिया पूरा गरी भएको देखिन आउने ।

कानूनबमोजिम सक्षम निकायहरूबाट भए गरेका कार्यबाट यी रिट निवेदकको कानूनी तथा संवैधानिक हक अधिकारमा आघात परेको भनी मान्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन जारी गर्न मिलेन, खारेज हुने ।

इजलास अधिकृत: हेमबहादुर सेन
कम्प्युटर: गंगा के.सी.
इति संवत् २०७१ साल पुस ६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०१८३, नागरिकता प्रमाणपत्र दिलाई पाउँ, *कलरूल आलम मियाँ वि. जिल्ला प्रशासन कार्यालय, मकवानपुर*

पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।११।१५ गते भएको फैसलामा पुनरावेदन अदालत, हेटौंडाले पुनरावेदनको म्याद दिएको आधारमा पुनरावेदन अदालतको फैसलाउपर पुनरावेदन लाग्न नसक्ने हुँदा प्रस्तुत मुद्दा खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-१११३, अपुताली हक कायम, *मण्डवी कार्की वि. धन कार्कीसमेत*

पुनरावेदक वादी माण्डवी कार्कीले मात्र यस अदालतमा सुरू र पुनरावेदनको फैसलाउपर दोहोर्‍याई पाउने निस्सा प्राप्त गरेकाले निजको हकमा गोपालकृष्णको एक भाग अंशलाई चार भाग लगाई सोमध्येको एक भाग यी पुनरावेदक वादी मण्डवी कार्कीको हकमा अपुताली हक कायम हुने देखिने हुँदा वादी दाबीबमोजिम ४ भागको एक भागसम्म निज वादीलाई अपुताली हक कायम गराई दिनुपर्नेमा वादी दाबी नपुग्ने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।१२।५ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।१२।१० को फैसला मिलेको नदेखिँदा केही उल्टी हुने भई गोपालकृष्णको अंश भागको सम्पत्तिबाट ४ भागको १ भाग पुनरावेदक वादी बाबुकृष्ण कार्कीको

नाउँमा अपुताली हक कायम हुने ।
इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७१ साल पुस १३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६६-CI-१११४, निर्णय बदर, *माण्डवी कार्की वि. धन कार्कीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-११५८, निषेधाज्ञा, *दशै यादव वि. लोकनाथ यादव*

विवादित जग्गाको मोही हुँ भनेको भनी प्रत्यर्थी लोकनाथ यादवले यी पुनरावेदकउपर सप्तरी जिल्ला अदालतमा जालसाजी मुद्दा दायर गरेको मिसिल संलग्न कागजातबाट देखिएको अवस्थामा पुनरावेदकको वास्तविक परिचय सम्बन्धमा नै विवाद रहेको देखिन्छ । यसरी एकातर्फ वैकल्पिक उपचारको बाटो हुँदाहुँदै निषेधाज्ञामा आएको र अर्कोतर्फ पुनरावेदक विवादको जग्गाको मोही हो होइन भन्ने सम्बन्धमा नै जालसाजी मुद्दा चलिरहेको देखिएबाट विवादको विषयमा निवेदकको मागबमोजिम निषधाज्ञाको आदेश जारी हुनुपर्ने अवस्था देखिन नआउने हुँदा निवेदन मागबमोजिम निषेधाज्ञा जारी हुन नसक्ने ठहऱ्याई निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।५।१७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्ने हुँदा पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला
कम्प्युटर: गंगा के.सी.
इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६९-CI-११५७, निषेधाज्ञा, *दशै यादव वि. सुदामादेवी यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०६८५, मानव बेचबिखन तथा जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. रेखा तामाङसमेत*

प्रतिवादी लालुमायाँ लामा आफैँले जाहेरवालीलाई विदेश लगेको अवस्था नदेखिएको तर आफ्नो छोरी विदेश भारत नयाँ दिल्लीमा छ जागीर मिल्छ जानु भेट्नु भनी विदेश लैजाने रेखा तामाङको लागि सहज हुने गरी परिपञ्चसम्म मिलाइदिएको अवस्था देखिन्छ । पीडित जाहेरवालीले गरेको बकपत्र, मौकामा बुझिएका व्यक्तिको बयानसमेतको आधारमा सबिता तामाङलाई विदेश पुऱ्याउने कार्यमा परिपञ्च मिलाइदिएकोसम्म देखिन आएकाले उक्त कसुरमा निजकोसमेत संलग्नता थियो भन्ने कुरा देखिन आउने ।

सुरूले २ वर्ष कैद सजाय गरेकोलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला कानूनअनुरूपकै देखिँदा प्रतिवादी रेखा तामाङलाई ५ वर्ष र प्रतिवादी लालुमाया लामालाई २ वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।८।१० को फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरिरहनु परेन सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: हेमबहादुर सेन
कम्प्युटर: सबिना अधिकारी
इति संवत् २०७१ साल मङ्सिर १५ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WO-१४२, उत्प्रेषण/परमादेश, *खुसबुकुमारी व्यारसमेत वि. बद्री महतो सुडीसमेत*

नाबालकको वास्तविक संरक्षक भनेको आमा र बाबु नै हुन् । बाबु आमा छँदाछँदै कुनै खास कारणबाहेक नाबालकहरूको संरक्षक अरू हुनसक्ने

अवस्था हुँदैन । एउटै परिवारकी आमाले व्यवहार गरी मुद्दा हार जित भएपछि सम्पत्ति जान लाग्यो भनी बाबुले निवेदन गरी आफ्नो भाग छुट्याई लिई सकेपश्चात् पुनः नाबालकहरूको बाबु आमा छँदाछँदै मावली हजुरबुवाले नातिनातिनीको हकमा निवेदन गर्ने र बाबु आमाको लिखितजवाफ समेतको व्यहोरा हेर्दा पनि रिट निवेदकलाई सघाउ पुग्ने खालको देखिएको अवस्था छ । प्रथम दृष्टिमै निवेदक सफा हात लिई आएको देखिन नआउने ।

रिट जारी भएको अवस्थामा जसलाई प्रतिकूल असर पर्ने हो त्यसलाई विपक्षी बनाउनु नै पर्दछ । लिलाम सकार गरी सम्पत्ति प्राप्त गरिसकेका रामजतन वरहीको हक स्थापित भइसकेकाले निवेदकले सो विषयमा रिट दायर गर्दा प्रत्यक्ष सरोकारवाला रामजतन वरहीलाई विपक्षी बनाउनु पर्ने नै हुन्छ । यसरी जसलाई विपक्षी बनाउनु पर्ने हो, उसलाई विपक्षी नै नबनाई दायर हुन आएको रिट निवेदनमा मागअनुरूपको आदेश जारी हुनसक्ने देखिन नआउने ।

डाक लिलाम सकार गर्ने व्यक्ति रामजतन वरहीलाई विपक्षी नबनाई दायर भएको निवेदनबाट माग गरेको उपचार प्राप्त हुन नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-१२५६, उत्प्रेषण/परमादेश, *नविनकुमार बस्नेत वि. चुडामणि गिरीसमेत*

देवानी मुद्दा र सरकार वादी फौजदारी मुद्दाको कार्यविधिमा भिन्नता रहेको छ । देवानी मुद्दाका वादीले तारिखमा रही मुद्दामा पुर्पक्ष गर्नुपर्ने गरी अदालतबाट तारिख दिइएको हुन्छ भने सरकार वादी फौजदारी मुद्दामा जाहेरवालालाई तारिखमा राखिँदैन । सरकार वादी भै चल्ने हुँदा वादी नेपाल सरकारलाई पेसीको सूचना दिई मुद्दाको कारवाही प्रक्रिया सुचारू गरिन्छ । अदालतबाट सम्पादन भएको काम कारवाहीको जानकारी जाहेरवालालाई हुँदैन । कार्यविधिगतरूपमा फौजदारी मुद्दाका जाहेरवाला र देवानी मुद्दाका वादीको भूमिका एउटै र समान नहुने ।

हदम्याद कहिलेदेखि सुरू हुने भन्नेतर्फ वादी नेपाल सरकारले नै भरिभराउ गर्न पाउने अर्थात् मुद्दाकै पक्षले भरिभराउको लागि अदालत जाने हो भने फैसला मितिबाट नै उक्त दण्ड सजायको ४२ नं. अनुरूप हदम्याद सुरू हुने हुन्छ । तर, वादी नेपाल सरकार भएको र भरिपाउने ठहर जाहेरवालाको हकमा भएको अवस्थामा जाहेरवालालाई विधिवत्‌रूपमा सोको जानकारी नै नदिई तिम्रो म्याद अब सकियो भन्नुबाट फैसला गर्नुको कुनै औचित्य नै रहँदैन । त्यो प्रयोजनहीन पनि हुन्छ । अदालतबाट भएको फैसला प्रयोजनहीन हुने गरी कानूनको व्याख्या गरिनु नहुने ।

फैसला हुनुको मकसद फैसलाअनुरूप हुन्छ भन्ने नै साधारण समझ रहनु न्यायिक हुन्छ । तसर्थ दण्ड सजायको ४२ नं. अनुरूप भरिभराउलाई जाने म्याद मुद्दाको पक्षको लागि फैसला भएको मितिबाट सुरू हुने भए पनि पक्षबाहेकका जाहेरवालाको हकमा उसले फैसला भएको थाहा जानकारी प्राप्त गरेको मितिबाट नै बिगो भरिभराउको लागि हदम्याद सुरू हुने हुन्छ । फैसलाको जानकारी फैसला भएको दिनमा नै जाहेरवालाले पाएको थियो भन्ने निवेदकको जिकिर पनि नरहेको र त्यस्तो तथ्य पनि रहेको नदेखिएको अवस्थामा निवेदकले फैसलाको जानकारी रीतपूर्वक मिति २०६७।९।८ मा मात्र नक्कल सारी थाहा पाएको देखिँदा बिगो भरिभराउको क्रममा दण्ड सजायको महलको ४२ नं. को तात्पर्यको लागि फैसलाको जानकारी पाएको मितिबाट हदम्याद गणना गर्नु मनासिब देखिन आउने हुँदा काठमाडौ जिल्ला अदालतको मिति २०६९।१।८ को आदेश वेरीतको भनी पुनरावेदन अदालत, पाटनबाट बदर गर्ने गरी मिति २०६९।२।५ मा भएको आदेशमा कानूनको त्रुटि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६७-WO-१६२८, घर भत्काई चलन चलाई पाउँ, *राधेश्याम अग्रहरि वि. हरद्वार कसौधन (बनिया)*

एक पटक चलेको विवादमा विवादित सम्पत्तिमा एउटा परिणामसहितको एक व्यक्तिको र अर्को पटक चलेको मुद्दामा अर्को परिणाम आउने गरी अर्कै व्यक्तिको ठहरी अदालतबाट फैसला हुन सक्दैन । त्यसरी अलगअलग मुद्दामा एउटै विवादित जग्गामा फरकफरक परिणाम आउने विरोधाभाषपूर्ण फैसला पनि हुन नहुने ।

अघि चलेका मुद्दाहरूबाट वादी प्रतिवादी दुवैको घर उत्तर दक्षिणतर्फ रहेको देखिइरहेको अवस्थामा उनै पक्ष विपक्षबीच फेरी नयाँ घर बनायो भनी फिराद दिन आउनेले त्यो पहिले बनेको घर नभई पछि हाल बनेको घर हो भन्ने कुराको प्रमाण वादीले नै दिनुपर्ने हुन्छ । पुनरावेदक वादीले अन्यथा प्रमाणित गर्न नसकिरहेको यस अवस्थामा उक्त विवादित घर तत्काल २०५७ सालमा नक्सा मुचुल्का हुँदा घर बनिसकेको देखिँदा हाल दाबीको घर त्यो नभई हाल बनाएको नयाँ घर हो भन्न सकिने कुनै प्रमाण वादीबाट आउन नसकेको हुँदा सोही समयमा उक्त घर बनेको हो भनी मान्नु पर्ने देखिन आउने ।

२०५२ सालमा चलेको मुद्दामा विवादित जग्गा वादीको भई प्रतिवादीले जग्गा खिचोला गरेको तर घरतर्फ वादी दाबी नपुग्ने गरी भएको फैसलामा यी वादी प्रतिवादी दुवैले चित्त बुझाई पुनरावेदन गरेको देखिँदैन । यसरी उसै जग्गा र सोमा बनेको घरको सम्बन्धमा एक पटक तथ्य र कानूनको विश्लेषण भई निरूपण भैसकेको हुँदा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिइएका आधार र कारणसँग सहमत हुन नसकिने भई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६६।४।२६ मा गरेको फैसला सदर गर्ने पुनरावेदन अदालत, बुटवलको मिति २०६७।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भीमबहादुर निरौला
कम्प्युटरः सविना अधिकारी
इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६४-CI-०८५०, ०८५३, लेनदेन, *शान्तबहादुर शाही (खड्गे) वि. भाजुरत्न महर्जन, दुर्गादेवी शाही वि. शान्तबहादुर शाही*

प्रयोगशालाबाट मिति २०६७।७।१८ मा पठाएको परीक्षण प्रतिवेदन हेर्दा लिखतको अन्तिम हरफको मिति २०४६ मध्ये पछिल्लो अङ्क ६ साबिक (पहिले) मा भएको अङ्क ४ को केही भाग उडाई फरक मसीले लेखिएको पाइन्छ भन्नेसमेत व्यहोरा उल्लेख भएको देखिन्छ । उक्त लिखत परीक्षण गर्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका विशेषज्ञ सहायक वैज्ञानिक अधिकृत बासुदेव के.सी. ले राय प्रतिवेदन व्यहोरा समर्थन गरी यस अदालतमा बकपत्रसमेत गरेको देखिन्छ । यस प्रकार विशेषज्ञहरू केशवबहादुर थापा क्षेत्री र बासुदेव के.सी.ले अदालतमा आई यी वादी पुनरावेदकको तर्फबाट जिरह हुँदासमेत प्रतिवेदनमा उल्लिखित राय पुष्टि हुने गरी बकपत्र गरेको अवस्थामा प्रतिवेदनमा व्यक्त रायलाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने ।

लिखत परीक्षणमा दक्षता हासिल गरेका विशेषज्ञहरूको राय न्याय सम्पादनको सहजताको लागि भएको तथ्यमा विवाद छैन । लिखत परीक्षण वैज्ञानिक कार्य हो । वैज्ञानिक तरिकाले विवादित लिखतको परीक्षण हुने हुँदा विशेषज्ञको राय विश्वास नगर्ने मनासिब आधार र कारण भएमा बाहेक निजले व्यक्त गरेको रायलाई अस्वीकार गर्न नमिल्ने ।

मुलुकी ऐन अ. बं. ७८ नं. बमोजिम प्रतिवादीले लिखतलाई अस्वीकार गरी शङ्का गरेकामा लिखत परीक्षणबाट सो शङ्काको निवारण भै सकेको देखिन आयो । यसरी रेखा तथा लेखा विशेषज्ञ केशवबहादुर थापा क्षेत्रीले मिति २०६४।२।२५

मा दिएको राय प्रतिवेदन र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारको मिति २०६७।७।१८ को राय प्रतिवेदनले विवादित कपाली तमसुकको लिखत मिति २०४६।१२।३०।५ मा विधिवत् तयार भएको भन्ने देखिन आएन । परिणामतः उक्त कपाली तमसुकको लिखत वादीले कीर्ते जालसाजीबाट नै तयार भएको भन्ने देखिन आयो । त्यसमा पनि मिसिल संलग्न रहेको लिखतमा लेखिएको अन्तिम हरफको इति संवत् २०४६ सालमध्ये ६ अङ्क लेखिएको ठाउँमा प्वाल परेको प्रस्ट देखिएबाट पनि कीर्ते जालसाजीबाट लिखत तयार भएको तथ्य समर्थित हुन आउने हुँदा वादीले मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. को १० वर्षे हदम्यादभित्र नै फिराद परेको देखाउन इति संवत्को २०४६ सालमध्येको पछिल्लो ६ अङ्क थप गरेको परीक्षण प्रतिवेदनबाट पुष्टि हुन आएकाले मिति २०५६।१२।२९ गते दायर भएको फिराद हदम्याद विहीन देखिन आएकाले पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।४।२८ मा फिराद खारेज गर्ने ठहर्‍याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७१ साल पुस २२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मी भन्ने विष्णु अर्याल*

Psychosis एक प्रकारको मानसिक समस्या भएको अवस्था हो जुन कुनै पनि व्यक्तिको मानसिक असन्तुलनको कारण देखा पर्छ । मानसिक असन्तुलनको अवस्था रहँदा व्यक्तिमा आफूले गरेको कार्य र परिणाम थाहा पाउन सक्ने मानसिक क्षमताको अभाव रहने हुन्छ ।

दण्ड सजायको १ नं. को कानूनी व्यवस्थाअनुसार फौजदारी दायित्वबाट उन्मुक्ति पाउनका लागि वारदात घटाएको अवस्थामा आफूले गरेका काम र प्रकृतिलाई बुझ्न नसक्ने गरी मानसिक असन्तुलन भएको हुनुपर्ने ।

कुनै पनि फौजदारी दायित्वमा कसुरदार ठहर गर्नको लागि प्रतिवादीमा मृतकको ज्यान मार्ने मनसाय, सोबमोजिमको योजना एवं योजनाअनुरूपको कार्यसमेत भएको हुनुपर्छ । फौजदारी अपराध पूर्ण हुन व्यक्तिको आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) दोषयुक्त हुनु पर्ने हुन्छ अर्थात् कुनै पनि वारदातका लागि अभियुक्तले मनसाय प्रेरित भै वारदात घटाउने योजना षड्यन्त्र, तयारीका चरणहरू पार गरी आपराधिक कार्यको चरणमा पुगेको हुनु पर्छ । मानसिक असन्तुलन भएको व्यक्तिमा कुनै इच्छा शक्ति हुँदैन । त्यस्तो इच्छा शक्तिको अभावमा आपराधिक मनसायको सिर्जना हुन पनि सक्दैन । मानसिक असन्तुलन भएको व्यक्तिमा आफ्नो कामको प्रकृति र परिणाम छुट्याउन सक्ने क्षमताको पनि अभाव रहने भएकाले प्रतिवादीले जानी बुझी दुराशय मनसायका साथ वा क्षणिक आवेशमा आई आफ्नो छोरालाई मारेको भन्न सकिने अवस्था पनि छैन । यस स्थितिमा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद गरिपाउँ भन्ने अभियोग माग दाबी पुग्न सक्दैन र Psychosis रोगबाट पीडित भै मानसिक असन्तुलन भएको अवस्थामा यी प्रतिवादी लक्ष्मी भन्ने विष्णु अर्यालले आफ्नो छोरा चन्द्रकान्तको ज्यान मारेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको १ नं. अनुसार निज प्रतिवादीलाई केही सजाय गर्नु नपर्ने गरी सफाइ पाउने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-००८१, घरमा आगो लगाई ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. चन्द्रबहादुर खड्का*

आगो लगाउनेको महलको २ नं. ले अर्काको घरभित्र मानिस भएको जानी जानी आगो लगाएकामा मानिस मार्ने नियतले आगो लगाएको हो भनी मान्नुपर्ने

हुन्छ । प्रतिवादीले आगलागी भएको घर संगोलकै भएको र सो घरमा प्रतिवादीका बाबु पनि सुत्ने गरेको, उक्त घरमा कहिले मानिस सुत्ने र कहिले नसुत्ने गरेको उक्त दिन मानिस सुते नसुतेको थाहा थिएन भनी आफ्नो बयानमा उल्लेख गरेबाट घरभित्र मानिस छन् भन्ने प्रस्ट थाहा भएको अवस्था नभएकाले घरभित्र जाहेरवाली छिन् भनी जानी जानी आगो लगाएको हो भन्ने प्रमाण मिसिल संलग्न देखिन आएन । आगो लगाउने कसुर एउटा हो तर घरभित्र मानिस छन् भनी अनुमान गरी आगो लगाउने कुरा अर्कै हो । आगो लगाउने कसुर हुनासाथ घरभित्र मानिस छन् भनी अनुमान गरी ज्यान मार्ने उद्योग मुद्दा चल्ने कुरा होइन। अपितु जसलाई मार्न खोजेको हो त्यो घरभित्र छ भन्ने कुरा स्पष्टरूपमा आगो लगाउनेवालालाई थाहा भएको हुनुपर्ने र त्यो घरभित्र रहेको व्यक्ति सहजरूपमा अब मर्छ होला भनी अनुमान गर्नसक्ने अवस्था हुनुपर्दछ। आगो लगाएको विषयमा प्रतिवादी साबित रहे पनि ज्यान मार्ने नियतले आगो लगाएको भन्ने आरोपमा इन्कार रहेको र जाहेरवालीले पनि प्रतिवादीसँग कुनै रिसइवी छैन भनी बकपत्र गरेको अवस्थामा प्रतिवादीलाई ज्यान मार्ने उद्योग जस्तो गम्भीर अपराधमा सजाय गर्नु न्यायसङ्गत् नदेखिने।

घरमा आगो लगाएकै आधारमा निरपेक्षरूपमा मानिस मार्ने नियतले नै आगो लगाइएको हो भनी निष्कर्षमा पुगी सजाय गरिनु न्यायको रोहमा उचित हुँदैन । तसर्थ पुनरावेदन अदालतले प्रतिवादीलाई ज्यान मार्ने उद्योगको कसुरअन्तर्गतको वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको फैसलामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. तथा सोही ऐनको आगलागीको २ नं. को व्याख्यात्मक त्रुटि भएको भन्ने यस अदालतबाट निस्सा दिएको आधारसँग सहमत हुन नसकिने।

प्रत्यर्थी प्रतिवादीले जाहेरवाली लालचना खड्काको घरमा आगो लगाएको पुष्टि भएकाले निज प्रत्यर्थी प्रतिवादी चन्द्रबहादुर खड्कालाई मुलुकी ऐन, आगो लगाउनेको १ नं. को विपरीतको कसुरमा सोही महलको ५ नं. बमोजिम चार वर्ष कैद र नोक्सान भएको एक लाख रूपैयाँको बिगोबापत प्रतिवादीबाट जाहेरवालीले सोही महलको १० नं. बमोजिम भराइपाउने ठहर्‍याएको सुरू रोल्पा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६७।१२।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ कात्तिक २६ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०४५०, उत्प्रेषण / परमादेश, *विक्रम खड्का वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक काठमाडौंसमेत*

निवेदकलाई सेवाबाट हटाउन निर्णय गर्दा लिइएका आधारहरूको विश्लेषण गर्दा मिति २०६७।१।१२ गते आफूखुसी लाइन ब्यारेक छाडी बाहिर गएको र कास्की जिल्ला पोखरा उपमहानगरपालिका -६ को मागाने पार्कमा बसिरहेका सोवितबहादुर र फमिदा बानुलाई अभद्र व्यवहार गर्नुका साथै निजहरूलाई धाकधम्की दिई विभिन्न सामान र नगद लुटपाट र कुटपिट गरी युवतीमाथि अभद्र व्यवहार गरेको भन्ने आधारबाट भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी हटाएको भन्ने देखिन आएको र यी निवेदकको स्पष्टीकरण व्यहोराबाट उक्त कुरा पुष्टिसमेत हुन आएको अवस्था देखिँदा निवेदकलाई कार्यवाही गर्ने सम्बन्धमा उचित र कानूनबमोजिमको सूचना दिई निजबाट स्पष्टीकरण पनि लिइएको आफ्ना कुरा भन्न मौकामा सूचनासमेत दिइएकामा एकपटक आफूले गल्ती गरेको भनी स्वीकारसमेत गरेको अवस्थामा नोकरीबाट हटाउने गरी गरिएको प्रस्ताव र सजायमा भिन्नता नदेखिँदा मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

उत्प्रेषणको आदेश जारी गरी नोकरीमा बहाली गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७१ साल माघ १८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-०५४६, चोरी, *विश्वनिधि अर्याल वि. नेपाल सरकार*

मधु पौडेलले विश्वनिधिलाई उक्त मोटरसाइकल दिएको । विश्वनिधि अर्यालले साथीले दिएको भनी मर्मत गरी नम्बरसमेत परिवर्तन गरी चोरीको लिवेरी मोटरसाइकल चढी हिँडेको, जाहेरवाला प्रकाश कुमार कार्कीलाई फिर्ता दिएको भनी बयान गरे पनि प्रतिवादी विश्वनिधिको साथबाट बरामद भएको र जाहेरवाले मोटरसाइकल मेरो हो भनी सनाखत गरेको साथै श्याम पटेलको मोटरसाइकल चोरी गरेको कुरा पुष्टि भइरहेको अवस्था हुँदा प्रतिवादी दुवैजनाको मिलोमतोबाट मधु पौडेलसमेत भई उक्त बरामदी मोटरसाइकल चोरी गरी नम्बर प्लेट बदली विश्वनिधि अर्याललाई चढ्नको लागि दिएको देखिई चोरी गरेको पुष्टि हुन आउने।

पुनरावेदक प्रतिवादीसमेत भै मोटरसाइकल हराएकामा सँगै प्रहरीमा पुगी प्रकाश कुमार कार्कीले प्रहरीमा जानकारी दिएको भन्ने उल्लेख गरे पनि यी प्रतिवादीउपर किटानी जाहेरी दिएकामा पछि अदालतमा आई प्रतिवादी विश्वनिधि अर्यालसमेतले चोरी गरेको हैन भनी प्रतिवादीलाई बचाउ गरी बकपत्र गरेपनि जाहेरवालाको त्यस्तो बकपत्र पनि विश्वास लायक देखिँदैन । निजले मोटरसाइकल चोरी भयो भनी दिएको किटान जाहेरीको आधारमा प्रतिवादीबाट बरामद भै निजले सानाखत गरेको र बुझी लगेको समेत देखिएकाले पछि आएर निजको भनाइ कसुरदारको बचाउ गर्ने नियतले भएको देखिने।

प्रतिवादीउपरको किटानी जाहेरी प्रतिवादीबाट मोटरसाइकलको नम्बर परिवर्तन हुनुअघि र पछि मोटरसाइकलको हुलियासम्बन्धमा प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतमा दिएको बयान साथै प्रतिवादीको साथबाट भएको बरामदी समेतका परिस्थितिजन्य प्रमाणबाट सुरूले प्रतिवादीलाई सफाइ दिने गरी भएको निर्णयलाई उल्टी गरी प्रतिवादी मधु पौडेल र यी पुनरावेदक प्रतिवादी विश्वनिधि अर्यालले चोरी गरेको ठहर गरी र झुठ्ठा बकपत्र गरेमा जाहेरवालालाई सजायसमेत गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।५।९ को फैसला कानूनसम्मत नै हुँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।
इजलास अधिकृतः उमानाथ गौतम
इति संवत् २०७१ साल पुस २ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०९९५, कर्तव्य ज्यान, *ललिता वली वि. नेपाल सरकार*

प्रतिवादी ललिता वलीले अबैध यौन सम्पर्कबाट जन्मिएका जुम्ल्याहा बच्चाहरूलाई घाँटी थिचेर कर्तव्य गरी मारेकी हुँ भनी गरेको साबिती बयान मिसिल संलग्न लास जाँच तथा घटनास्थल मुचुल्का, जिल्ला स्वास्थ्य कार्यालय, रूकुमको स्वास्थ्य परिक्षणसम्बन्धी पत्र तथा मिसिल संलग्न घटना विवरण कागजसमेतबाट समर्थित भएको अवस्था छ। मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी ललिता वलीले जुम्ल्याहा नवजात शिशुहरूलाई जन्म दिई कर्तव्य गरी मारेको भन्ने अभियोग दाबी शङ्कारहित तवरबाट पुष्टि भएको अवस्था हुँदा आफूलाई अभियोग दाबीबाट सफाइ हुनुपर्ने भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिर पुग्नसक्ने देखिएन। प्रतिवादी ललिता वलीलाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको १ नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको फैसला कानूनसम्मत देखिन आउने।

घटनाको पृष्ठभूमि, प्रतिवादीको उमेर र पारिवारिक अवस्था तथा सामाजिक परिवेश समेतलाई मध्यनजर गर्दा प्रतिवादी ललिता वलीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा

कैद वर्ष ६(छ) मात्र गर्ने गरी व्यक्त भएको रायसमेत मनासिब देखिन आउने हुँदा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गरी अ.बं.१८८ नं. बमोजिम ६ वर्ष मात्र कैद गर्न मनासिब हुने भनी राय व्यक्त गरेको सुरू रूकुम जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०६७/०३/२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल
कम्प्युटर: रूपा महर्जन
इति संवत् २०७१ साल पुस ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०२९१, उत्प्रेषण, *ईश्वरराज रेग्मी वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

मिति २०७०।१।९ मा अनिवार्य अवकास प्राप्त गरेका यी निवेदकले हालसम्म पनि निवृत्तिभरणको अधिकारपत्र (पेन्सन पट्टा) प्राप्त गरेको नदेखिएकाले निजले मिति २०३५।९।११ देखि गरेको अस्थायी सेवा अवधिसमेत गणना गरी जम्मा हुन आउने वर्ष महिना र दिनको हिसाबले निवृत्तिभरणको रकमको अङ्क कायम गरी निवृत्त भएका मितिदेखि नै लागू हुने गरी यी निवेदक इश्वरराज रेग्मीलाई निवृत्तिभरण प्रदान गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः उमानाथ गौतम
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RC-००१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरबहादुर गुरूङ*

प्रतिवादी नरबहादुर गुरूङको साबिती बयान, र सो बयानलाई समर्थन हुने गरी गरेको एकै मिलानका अन्य प्रतिवादीहरूको बयान, बुझिएका मानिसहरूले पनि यी प्रतिवादीले प्रहार गरेको खुकुरीको चोटले मृतक सूर्यबहादुर थापाको मृत्यु भएको भनी लेखाई दिएको कागज, लासजाँच रिपोर्टसमेतका सबुत प्रमाणको आधारमा प्रतिवादी नरबहादुर गुरूङलाई ज्यानसम्बन्धी महलको १ नं. तथा १३(१) को कसुर ठहर गरी सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०/०२/२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

यी प्रतिवादी नरबहादुर गुरूङले यसपूर्व यस्तो प्रकृतिको अपराध गरेको भन्ने नदेखिएको निजको उमेर २५ वर्ष मात्र भै मादक पदार्थसमेत सेवन गरेको अवस्थामा अरूको उक्साहटमा लागी अपराध भएको भन्ने कुरा वारदातको परिस्थितिबाट देखिएको एवम् निज प्रतिवादीको आर्थिक अवस्था कमजोर देखिनुको साथै अपराधमा साबित भै बयान गरी अनुसन्धान कार्य र अदालतको न्यायिक कार्यमा समेत सहयोग पुर्‍याएको अवस्था हुँदा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को भै निजको सुधार हुनुको सट्टा निजको जीवनको उत्तरार्द्ध अझ जोखिमपूर्ण हुनसक्ने समेतका आधार परिस्थिति र अवस्थालाई विचार गर्दा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरे पनि १४ वर्ष मात्र कैदको सजाय गर्ने गरी व्यक्त भएको रायसमेतलाई बेमनासिब भन्न मिलेन । तसर्थ उक्त रायसमेत साधकको रोहबाट जाँच हुँदा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम
कम्प्युटर: रूपा महर्जन
इति संवत् २०७१ साल पुस ४ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RC-००२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रनबहादुर सुनार*

फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ । शङ्कारहित तवरले कसुर प्रमाणित नभएसम्म कसैलाई कसुरदार ठहर गरी सजाय गर्न मिल्दैन । शङ्कारहित तवरले कसुर प्रमाणित गर्न शङ्कारहित सबुत प्रमाणको महत्त्वपूर्ण भूमिका रहन्छ । फौजदारी मुद्दामा कसुर प्रमाणित गर्न चश्मदित गवाह (Eye witness) दशी प्रमाण तथा अभियुक्तको

भनाइ महत्त्वपूर्ण सबुद प्रमाण हुन सक्छन् । कसुरदारले अमुक कसुर गरेकामा अधिकार प्राप्त अधिकारी तथा अदालतमा समेत साबित हुँदैमा त्यो नै सर्वथा प्रमाण पनि हुन सक्दैन । त्यस्तो साबिती पनि अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्ने ।

आवेश प्रेरित हत्या (Homicide by Prevocational) हुनको लागि तत्काल कुनै कुरामा उठेको रिस थाम्न नसकी आफूलाई आत्म संयमताबाट नियन्त्रण गर्न नसकी तत्काल उपलब्ध जोखिमी हतियार बाहेकका चिजवस्तु (लात मुक्का लाठी, ढुङ्गा आदि) ले प्रहार गर्दा ज्यान मर्न गएको र मार्नको लागि पूर्व रिसइवी पनि नरहेको हुनुपर्ने ।

प्रतिवादीले मृतकलाई तत्काल उठेको रीसले घाँटी थिची मारेको नभै श्रीमती अर्कै पुरूषसँग लागेको छ भन्ने आशङ्कामा विवाद बढाउँदै गैसकेपछि मृतक श्रीमतीले कि मार कि आफैँ मर्छु भनी झम्टेपछि घाँटीमा डोरीले बाँधी नमर्दासम्म थिची राखी बोल्न चल्न छोडेपछि छोडी हेर्दा मरेको देखी आरूको रूखमा लगेर झुन्ड्याएको र पछि आफैँले डोरीकाटी पुन: कोठामा ल्याई सुताएको भनी बयान गरेको र "तेरी आमा झुन्ड्याएर मरेकी छ भनी हामीहरू बसेको घरमा आई बाबुले भनी सबै दाजुभाई गई हेर्दा कोठामा कम्बल ओढाई ढाकी राखेको देखेको" भनी यी प्रतिवादीका छोरा तुलवीरसमेतले बकपत्र गरेकोबाट प्रतिवादीको मृतकलाई मार्नमा गरिएका क्रियाहरू आवेशबाट प्रेरित नभै मार्नाको मनसायले प्रेरित देखिन्छ । मृतकलाई मार्नेसम्मको पूर्व योजना तयारी गरेको भन्ने प्रस्तुत मुद्दामा देखिन आउँदैन तथापि स्वास्नी माइतमा अर्कै पुरूषसँग लागेको भनी शङ्का गरी सोही विषयमा विवादको उठान भै विवाद चरमविन्दुमा पुगेपछि घाँटी जस्तो संवेदनशील अङ्गमा डोरीले बाँधी नमरेसम्म थिचिराख्नु र मरेपछि रूखमा झुन्ड्याउनुसमेतका प्रतिवादीका क्रियाकलापबाट निजको मृतकलाई मार्ने मनसाय रहेको स्पष्ट हुन आउने ।

पुरावेदक प्रतिवादीले मृतक रत्नालाई कर्तव्य गरी मारेको ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही ऐनको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७०।०४।१५ को फैसला साधकको रोहबाट जाँच गर्दा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल पुस ४ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०४३१, निर्णय बदर, *मु.स. गर्ने हरिशङ्कर राय यादव वि. रघुनी राय यादव*

परिवार भन्नाले अंश छुट्टिएको वा नछुट्टिएको जे भएपनि पति पत्नी र बाबुआमा जीवित छउन्जेल अंश छुट्टिएको वा नछुट्टिएको जे भए तापनि १६ वर्ष नपुगेको छोरा छोरी भन्ने कानूनी व्यवस्था भएबाट यी प्रत्यर्थी वादीका बाबु र जग्गाधनी उल्लिखित कानूनी व्यवस्थाभित्रका नाताका व्यक्ति देखिन आउँदैनन् भने काका भतिजा नाताकै भन्ने भएका अवस्थामा पनि एका परिवारभित्रका व्यक्ति नपर्ने हुँदा वादी दाबीको जग्गामा निज खहेरू मोही हुन नसक्ने भन्ने देखिँदैन । तसर्थ नाता मोही लगत कट्टा हुने भन्ने भूमिसुधारको निर्णयमा कानूनी आधार देखिन नआउने ।

एकासगोलको नाताका व्यक्ति भएको भन्ने यी पुनरावेदकको जिकिर भए पनि यी खहेरूले फिल्डबुकमा जग्गाधनी भतिजा भन्ने उल्लेख गरेको आधारमा एकासगोलको हो भनी भन्न मिल्ने पनि देखिँदैन र एका सगोलका काका भतिजा हुन् भन्ने देखिने कुनै प्रमाण यी पुनरावेदक प्रतिवादीबाट पेस हुन सकेको नपाइनुको साथै काका भतिजा नाताकै भएको अवस्थामा पनि भतिजाको जग्गामा मोही हुन प्रचलित भूमिसम्बन्धी ऐनले रोक लगाएको पनि देखिन आउँदैन । यसरी यी प्रत्यर्थी वादीका बाबु खहेरू मोही भैरहेको जग्गामा निजको शेषपछि मोहियानी हक प्राप्त हुनसक्ने अवस्थाका निज खहेरूका एक मात्र छोरा यी प्रत्यर्थी वादी प्रत्यक्ष सरोकारवाला व्यक्ति भएको

अवस्थामा निजलाई बुझी प्रतिवाद गर्ने मौकासमेत प्रदान नगरी मोही लगत कट्टा गर्ने गरी भएको भूमिसुधार कार्यालयको निर्णय आफ्नो कुरा भन्न राख्न पाउने प्राकृतिक न्यायको सिद्धान्तसमेतको प्रतिकूल देखिन आउने हुँदा मिति २०६६।१०।४ को गैरकानूनी निर्णयलाई सदर राखी सो निर्णय बदर नहुने भनी गरेको भूमिसुधार कार्यालय, रौतहटको मिति २०६८।३।३० को फैसलालाई उल्टी गरी उक्त निर्णय बदर हुने ठहर्‍याइएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।४।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उमानाथ गौतम

इति संवत् २०७१ साल पुस ४ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६९-CI-०४३२, मोही नामसारी, *मु.स. गर्ने हरिशंकर राय यादव वि. रघुनी राय यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** रि.नं. ०६९-WO-०९४५, उत्प्रेषण, *जादोलाल साह तेली वि. भोला राउत अहिरसमेत*

यी निवेदक प्रतिवादी जादोलाल साह तेली र विपक्षी वादी भोला राउत अहिर भएको खिचोला चलन चलाई मुद्दा दुई तह निर्णय भई फैसला कार्यान्वयनको चरणमा पुगेपछि यी निवेदकले सुरू अदालतमा अ.बं. १७ नं. को निवेदन लिएर फैसला कार्यान्वयन रोक्नका लागि अदालतको ढोका पुगेको देखिन्छ। जुन कार्यबाट यी निवेदकको मनसाय (Intention) सफा रहेको नदेखिने।

निवेदकले रिट निवेदनपत्रमा मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन दर्ता गराएकाले फैसला कार्यान्वयन रोकीपाउँ भन्ने उल्लेख गरे पनि मुद्दा दोहोर्‍याउने निस्सा प्राप्त गरेको प्रमाण निवेदकले खुलाउन सकेको देखिँदैन। मुल मुद्दामा निस्सा प्राप्त गरेको छु भन्ने यकिन गर्ने दायित्व निवेदकमा रहने हुँदा तहतह हुँदै आएको फैसलाको कार्यान्वयन रोक्नुपर्नेसम्मको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदनबमोजिम गर्नुपर्ने देखिएन रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमला पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०५१०, परमादेश, *विरक्त स्वामी सम्बुद्धसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

निवेदकले देवस्व सम्पदा रातारात व्यक्तिको नाममा दर्ता भएको भनी निवेदनमा उल्लेख गरे पनि सो निवेदकले देखाउन सकेको देखिँदैन र सोअनुरूप भएको भन्ने पनि देखिँदैन। विद्यमान कानून अपर्याप्त छ भन्नेले सो अर्पयाप्तता देखाउनसमेत सक्नुपर्दछ। भइरहेको कानूनले नै निवेदनमा जिकिर लिएका माग दाबीलाई सम्बोधन गरिरहेको स्थिति देखिँदा कानूनको अपर्याप्तता मान्न नसकिने।

समाजमा जातीय लडाइँ, फरक भाषा बोल्नेहरू बीचको लडाइँ तथा भिन्न संस्कार र संस्कृति मान्ने पक्षहरूबीच पनि विवाद रहेको र यसको लागि राष्ट्रिय निकायको गठनको माग दाबीका सम्बन्धमा हेर्दा नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र भएको र सबै धर्मावलम्बीहरू, भाषाभाषीहरू एकआपसमा मिलेर बसिरहेको देश हो। अनेकतामा एकताको रूपमा छरिएर रहेका धार्मिक, भाषिक, सांस्कृतिक समूह नै नेपालको पहिचान हुँदा यी समूहबीचको विवादको कल्पना पनि गर्न नसकिने।

निवेदकले के र कुन अवस्थामा कस्तो प्रकारको निकायको माग गर्नुभएको हो सो विशिष्ट (Specific) रूपमा उल्लेख नगरी सामान्य रूपमा मात्रै माग दाबी लिएको देखिन्छ। अदालतले सार्वजनिक सरोकारका नाममा कल्पना गरिएका कुरा तथा बौद्धिक बहसका कुराहरूमा प्रवेश गर्न सक्दैन। निवेदकको अस्पष्ट मागका आधारमा विभिन्न जातजाति तथा भाषाभाषीका बीचमा लडाइँ हुन्छ भन्ने अनुमानका

आधारमा रिट जारी गर्न नसकिने।

निवेदकहरूले माग गरेअनुरूप धार्मिक मन्दिर गुफा आदिमा दखल परेमा वा त्यस्ता सार्वजनिक प्रकृतिका वस्तुहरू कसैले मासे नासे वा हिनामिना हुन गएमा सम्बन्धित कानूनमा नै त्यसको उपचारको व्यवस्था गरिएको पाइन्छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३, गुठी संस्थान ऐन, २०३३, स्थानीय प्रशासन ऐन, २०२८, स्थानीय स्वायत्त शासन ऐन, २०५५ समेतका कानूनी व्यवस्थाले निवेदकहरूको माग सम्बोधन गर्न तथा उपचार प्राप्त गर्न सक्ने नै हुँदा अदालत प्रवेश गर्नु पर्ने देखिँदैन। जहाँ वैकल्पिक उपचारको मार्ग हुन्छ त्यस्तोमा सर्वोच्च अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-WO-१०२९, उत्प्रेषण, *ब्रम्हसिं राजबंशी वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

निवेदकलाई कारवाही गर्ने गरेको निर्णयहरू तहगत तथा प्रक्रियागतरूपमा Due process अनुरूप नै भएको तथा निवेदकलाई स्पष्टीकरणको उपयुक्त मौकासमेत दिइएको, स्पष्टीकरण सोध्दा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने भनी जनाए पनि निर्णयमा सुरू स्केलमा (सम्पूर्ण ग्रेड) घटुवा गर्ने गरी निर्णय भएकोसमेत देखिन्छ । निवेदकले प्रहरी महानिरीक्षकबाट भएको निर्णयउपर गृहमन्त्रालयमा पुनरावेदनसमेत दिई निर्णय भैसकेको समेत देखिन आएबाट उक्त निर्णयलाई प्राकृतिक न्याय प्रतिकूल मान्न सकिने नदेखिने।

साधिकार निकायबाट कानूनका मान्य सिद्धान्तलाई आत्मसात् गरी निर्णय गरिएको तथा रिट निवेदकले आफूउपर गरिएको कारवाहीको पुनरावेदन समेत गरिसकेको अवस्था हुँदा निवेदकलाई आफूलाई सुरू स्केलमा घटुवा गर्ने गरी प्रहरी महानिरीक्षकबाट भएको निर्णय र सोलाई सदर गरेको गृहमन्त्रीको निर्णय कानूनसम्मत देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने हुँदा निवेदनको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शभम्।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०६१२, कर्तव्य ज्यान, *दीपक वि.क. वि. नेपाल सरकार*

प्रतिवादी दीपक वि.क. ले अनुसन्धान अधिकारीसमक्ष भएको मेरो स्वेच्छा विरूद्ध भएको बयानलाई मात्र आधार लिएर सजाय गरेको मिलेको छैन भन्ने जुन भनाइ छ सो सन्दर्भमा विचार गर्दा निजले सुरू अदालतसमक्ष मलाई प्रहरीले कुटपिट गरी यातना दिई साबिती बयान गराएको हो भनी जिकिर लिन नसकी केवल यस अदालतमा पुनरावेदन गर्दाको अवस्थामा मात्र प्रहरीमा भएको मेरो बयान स्वेच्छा विरूद्धको हो भनी जिकिर लिएको देखिँदा उक्त भनाइ निजलाई सफाइ पाउने आधार बन्न नसक्ने।

प्रतिवादीको प्रहारबाट नै मृतक सीता वि.क.को मृत्यु भएको भन्ने तथ्य स्थापित हुन आएको देखिँदा अभियोग माग दाबीबमोजिम प्रतिवादी दीपक वि.क.ले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐजनको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको मिति २०६६/०८/१० को कपिलवस्तु जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७/११/१५ को फैसला मिलेकै देखिँदा अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिँदा दीपक वि.क. लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐजनको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम १० बर्ष मात्र कैद हुने ठहर्‍याएको पुनरावेदन

अदालत, बुटवलको मिति २०६७।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: रामप्रसाद बस्याल
कम्प्युटर: रूपा महर्जन
इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०८६८, उत्प्रेषण, *धर्म महर्जन वि. सानुमाया भन्ने सानु महर्जनसमेत*

रिट उपचार भनेको समन्यायमा आधारित उपचार हो। रिटबाट उपचार खोज्ने पक्षको आचरण सफा हुनुपर्दछ । पुनरावेदन अदालत जस्तो निकायले यससम्बन्धमा सबै कुरा छानबिन गरी ललितपुर जिल्ला अदालतको आदेश बदर गरेको विषयवस्तु रिटको दायराभित्र नपर्ने एकातिरको अवस्था छ भने वादीको रूपमा रहेका यी निवेदकले डोरमा अनुपस्थित रही फैसला कार्यान्वयनमा कुनै सहयोग नगर्ने र त्यसपछि नानाभाँतीका अनावश्यक तर्कहरू झिकी रिट निवेदन दिने कार्य रिट प्रयोजनको लागि निवेदकबाट हुने अनुचित कार्यभित्र पर्छ र समन्यायले सो आधारलाई रिट उपचार पाउनका लागि अवरोध मानिने।

ललितपुर जिल्ला अदालतबाट भएको मिति २०६९।९।२ को बन्डा मुचुल्कामा रिट जारी हुनुपर्ने अवस्थाको गम्भीर त्रुटिको कुनै छनक छैन। त्यसमा सामान्य कानूनी त्रुटि पनि रहेको नदेखिँदा मिति २०६९।९।२ को बन्डा मुचुल्का बदर गरिपाउँ भन्ने निवेदकको रिट निवेदनमा कुनै सारतत्त्व नरहेकाले प्रस्तुत रिट निवेदन खारेज हुने। रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०६९।११।१३ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।
इजलास अधिकृतः सुमनकुमार न्यौपाने
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७१ साल चैत २६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-०९५१, उत्प्रेषण, *भुतही तेलीन वि. जादोलाल साह तेलीसमेत*

पुनरावेदन अदालत, हेटौंडाको दे.पु.नं. ०६७-DP-०२४३ बाट नै अन्तिम भई बसेको फैसलाको कार्यान्वयनलाई स्थगित गरी राख्नु पर्ने गरी यो यस्तो कानूनले रोकेको छ भन्ने कुरा निवेदकले निवेदनमा स्पष्ट दाबी लिनसमेत सकेको पाइँदैन भने फैसलाबमोजिम चलन चलाइको कार्य सम्पन्न भएमासमेत निवेदकको सम्पत्तिसम्बन्धी हकमा आघात पुगेको भन्न मिल्ने अवस्था नरहेको तथा चलन चलाइदिएपश्चात् पनि निवेदकले दायर गरेका जालसाजी तथा फैसला बदर मुद्दाहरूबाट अन्तिम फैसला भएका बखत सोबमोजिम गर्न बाधा पुग्ने अवस्था नरहेकाले चलन चलाईको कार्य स्थगित राख्नु पर्ने अवस्था नदेखिएको र पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।१२ को आदेश मनासिब देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरिएकाले यस अदालतबाट मिति २०६९।१।१० मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।
इजलास अधिकृतः सुमनकुमार न्यौपाने
इति संवत् २०७१ साल चैत २६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०९८७, किर्ते जालसाजी, *कन्चन सिंह ठाकुर वि. भरोसे अहिरसमेत*

कानूनतः एउटै प्रसङ्ग र सन्दर्भमा लिएको दाबीमा कुनैमा निर्णय गर्ने र कुनैमा निर्णय नगरी फैसला गरिएको खण्डमा दाबीका सम्बन्धमा के भएको भन्ने विषयमा नै पक्षहरूलाई द्विविधा पर्न जाने देखिन्छ । निर्णय गर्दाका बखत सम्पूर्ण निर्णय नगरी अधुरो तथा द्विविधापूर्ण निर्णय भएमा त्यसले न्यायको अभीष्ट पूरा नगर्ने हुँदा दाबीको सबै कुरामा विचार नगरी निर्णय नगरेको अवस्थामा त्यस्तो निर्णयलाई पूर्ण निर्णय मान्न नसकिने।

न्यायिक कारवाहीको क्रममा चित्त नबुझ्ने पक्षले तहगत पुनरावेदकीय अधिकारको प्रयोग गर्न सक्ने हुँदा पक्षले न्याय परेको महसुस गर्नका लागिसमेत यस्तो अधिकारको समेत सुनिश्चितता गराउनु अदालतको समेत दायित्व रहेको हुँदा पुनरावेदन अदालत नेपालगन्जबाट सुरू फैसला बदर गरी पुनः निर्णयको लागि पठाउने कार्यले पुनरावेदक वादीको कुनै किसिमको अधिकारको कटौती नभई पुनरावेदकीय अधिकारको संरक्षण नै भएको देखिँदा उक्त फैसलालाई न्यायिक दायराबाहिरको भनी मान्न नमिल्ने।

पुनरावेदन अदालतको फैसलाका कारण वादीले दाबी लिएको सबै प्रश्नहरूको निरूपणको अवस्था सिर्जना भएको तथा सुरू फैसला उल्टी वा केही उल्टीको अवस्था विद्यमान भएकोसमेत नदेखिँदा सुरू फैसला बदर गरी पुनः निर्णयार्थ जिल्ला अदालतसमक्ष पठाउने गरी भएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम्।

- यसै लगाउको ०६८-CI-१०९२, फैसला बदर, *कन्चन सिंह वि. भरोसे अहिर भएको मुद्दामा पनि यसै अनुसारको फैसला भएको छ।*

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-WO-०२८२,** उत्प्रेषण, *शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

लागू रहेको ऐन नियमद्वारा नै स्पष्टरूपमा किटानी व्यवस्था गरेको कुरालाई असमान व्यवहार भयो भनी रिट निवेदनको माध्यमबाट आउनु युक्तिसङ्गत हुने नदेखिने।

मिति २०६८।८।९ मा स्थगित परीक्षासम्बन्धी काम जुन ठाउँबाट स्थगित भएको थियो सोही ठाउँबाट सेवा आयोगको मिति २०७१।६।८ को निर्णयबमोजिम मिति २०७१।६।२४ मा सूचना प्रकाशित गरिएको भन्ने देखिन्छ। जसबाट कानूनमा व्यवस्था भएबमोजिमकै सूचना प्रकाशित गर्ने कार्य भएको देखिन्छ। सो हुँदा नियमबमोजिम नै प्रकाशित भएको सूचनालाई उत्प्रेषणको आदेशद्वारा बदर गरी मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०३१३, उत्प्रेषण, *शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

कानूनद्वारा तोकिएको निकाय वा पदाधिकारीलाई भएको सरूवा गर्ने अधिकार तल्लो निकायलाई भएकामा माथिल्लो निकायले प्रयोग गर्नै नमिल्ने भनी व्याख्या गर्न नमिल्ने।

विधायिकाको मनसाय सरूवा गर्दा माथिल्लो निकायका पदाधिकारीलाई भएको सरूवा गर्ने अधिकार सोभन्दा तल्लो निकाय तथा पदाधिकारीले प्रयोग नगरून् भन्ने हो। तर जुन निकाय वा पदाधिकारीलाई सरूवा गर्ने अधिकार तोकिएको छ सो निकाय वा पदाधिकारीलाई भएको सरूवा गर्ने अधिकारले तोकिएको निकाय वा पदाधिकारी भन्दा माथिल्लो निकायमा सरूवा गर्नसक्ने अधिकारलाई सङ्कुचित गरेको अवस्था होइन। त्यसरी सङ्कुचित गरिएमा तल्लो निकायबाट भए गरेको अनियमिततालाई माथिल्लो निकायले उचित तवरबाट नियन्त्रण गर्नसक्ने अवस्थासमेत आउँदैन। माथिल्लो निकाय तथा पदाधिकारीले गरेको त्यस्तो सरूवालाई मान्यता नदिने हो भने न्याय र कानूनको मर्मप्रतिकूल हुनजाने।

अधिकारप्राप्त अधिकारीबाट भएको

पत्राचारबमोजिम अधिकारप्राप्त मन्त्रालयका सचिवस्तरबाट सरूवा गरेको अवस्था हुँदा तोकिएको पदाधिकारीभन्दा माथिल्लो अधिकारप्राप्त अधिकारी (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव) बाट भएको सरूवालाई रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने र परमादेशको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-WO-१२८३,** *परमादेश, शोभाचन्द्र मिश्र वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

वीर अस्पताल कानूनबमोजिम स्थापना भएको स्वायत्त निकाय हो । वीर अस्पताललाई कानूनले निर्धारण गरेको व्यवस्थाबाहेकका आफ्नो आन्तरिक काम कारवाहीहरू आफैँ निर्धारण गर्नसक्ने अधिकार रहेको हुन्छ । वीर अस्पतालले ऐनको अधीनमा रही कर्मचारी प्रशासनसम्बन्धी नियम बनाई लागू गर्न सक्दछ । सो हुँदा अस्पतालको कर्मचारीका दरबन्दी, कार्यरत कर्मचारीको सेवा, सर्त र आन्तरिक प्रशासन लगायतका विषय वीर अस्पतालले नै तय गर्ने विषय हो । सोहीबमोजिम छुट्टाछुट्टै भएको हाजिरी रजिस्ट्ररलाई वीर अस्पतालले एउटै रजिस्ट्रर कायम गराएको स्वायत्त निकायको आन्तरिक काम कारवाहीउपर अदालतले रिट क्षेत्राधिकारको माध्यमबाट हस्तक्षेप गर्न मिल्ने देखिँदैन । वीर अस्पतालको आन्तरिक काम कारवाहीबाट रिट निवेदकको मागबमोजिम हक अधिकारमा आघात पुगेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-WO-०५२४, परमादेश, *अधिवक्ता राजाराम श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कम्प्युटर विज्ञान वा सूचना प्रविधिसम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर भई विद्युतीय कारोबार सूचना प्रविधिको वा विद्युतीय सञ्चारको क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभव प्राप्त नागरिक न्यायाधिकरणको सूचना प्रविधि सदस्य हुन योग्य मानिन्छ । त्यस्तै व्यवस्थापन वा वाणिज्य शास्त्रमा कम्तीमा स्नातकोत्तर भई विद्युतीय कारोबारको क्षेत्रमा विशेषज्ञता हासिल गरी कम्तीमा ३ वर्षको अनुभव प्राप्त नागरिक वाणिज्य सदस्य हुन योग्य हुने कानूनी प्रावधानले गर्दा सूचना तथा प्रविधिको विशिष्टता कायम रहेको कसुरहरूमा सम्बन्धित विषयमा विशिष्ट ज्ञान भएका सदस्य सम्मिलित प्राधिकरणमा सोसम्बन्धी कसुरको कारवाही किनारा हुन उपयुक्त भएको कुरामा दुई मत हुन सक्दैन । विद्युतीय कारोबार ऐनको बनावटबाट पनि सो कुरा समर्थित भैरहेको देखिन आउने ।

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी सूचना प्रविधि न्यायाधीकरण गठन नभएसम्मको लागि यस ऐनबमोजिमको अपराधसम्बन्धी मुद्दा हेर्ने क्षेत्राधिकार काठमाडौं जिल्ला अदालतलाई तोकिएको अवस्था हुँदा तत्काल निवेदनको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिए पनि विद्युतीय (इलोक्ट्रोनिक) कारोबार ऐनको भावनाअनुरूप पूर्वाधार तयार गरी सूचना प्रविधि न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको गठन गर्नेतर्फ आवश्यक पहल गर्नु भनी विपक्षीहरूमा नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

शाखा अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०७०-RC-००१३, कर्तव्य ज्यान, डाका उद्योग, विस्फोटक पदार्थ, *नेपाल सरकार वि. ललन मण्डल धानुकसमेत*

प्रतिवादीहरू शम्भुराम चमार, चन्देश्वर पासवान र भिखारी मण्डल धानुक मृतकको घरमा डाका गर्न गएको तर मृतकले प्रतिकार गरेको कारणले निजहरूले दिएको बचनअनुसार सह प्रतिवादी ललन मण्डल धानुकले विस्फोट गराएको बमबाट लागेको घा खतबाट मृतक विगन महतोको मृत्यु भएको तथ्य स्पष्ट हुन आएकाले निजहरूको कसुर ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय दफा ४ अन्तर्गत पर्ने देखिने।

चारैजना प्रतिवादीहरूको पहिलो उद्देश्य जाहेरवालाको घरमा धनमाल लुट्ने उद्देश्य रहेको तर लुट्नसम्म नपाएको देखिन्छ भने बम जस्तो विस्फोटक पदार्थको वारदातमा प्रयोग गरिएको देखिँदा यी प्रतिवादी डाँकाचोरीको उद्योग र विस्फोटक पदार्थ ऐन, २०१८ को दफा ४(१) अन्तर्गतको कसुरसमेत गरेको देखिँदा सुरू सर्लाही जिल्ला अदालतले यी प्रतिवादीहरू प्र. ललन मण्डललाई ज्यानसम्बन्धी महलको १३ को देहाय १ नं. बमोजिम सर्वस्वसहित जन्मकैद, प्र. भिखारी मण्डल धानुक, चन्देश्वर पासवान, प्र. शम्भुराम चमारलाई ऐ. को १३ को देहाय ४ नं. बमोजिम जन्मकैद तथा सबै प्रतिवादीहरूलाई डाँका उद्योगतर्फ चोरीको १४ को देहाय ४ ले सजाय हुनेमा ऐ. डाँकाचोरीको उद्योग अन्तर्गत १७ नं. बमोजिम जनही ३ वर्ष कैद र साथै विस्फोटक पदार्थ ऐन, २०१८ को दफा १०(१)(क) बमोजिम जनही १ वर्षका दरले कैद सजाय गर्ने गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।०८।२८ गतेको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असार ४ गते रोज ६ सुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०७०- CR-०३१९, डाँका, *नेपाल सरकार वि. राज भन्ने गीतराज पाख्रीनसमेत*

प्रतिवादीहरूले प्रहरीमा बयान गर्दा कसुरमा साबित रहे पनि अदालतसमक्ष इन्कार रहेको पाइन्छ। जाहेरवालाले दिएको हुलिया निवेदनमा मुखमा मास्क लगाएका ५ जनाको समूह आई ढोका तोडी सुनका गरगहना, नगद, जिन्सीसमेत डाँका गरी लगेको भनी उल्लेख गरेको देखिन्छ तर डाँकाहरूको नाम खुलाउन सकेको पाइँदैन । मास्क लगाएका प्रतिवादीहरूलाई बोलिबाट चिनेँ भनेकामा पत्यारिलो नदेखिने।

बरामद भएको सुनको मुन्द्री आफ्नो हो भनी प्रतिवादी मीनबहादुर मोक्तानले अदालतसमक्ष बयान गरेको देखिन्छ । जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा उक्त मुन्द्री पनि डाँका गरी लगेको धनमालमध्येकै हो भनी स्पष्टरूपमा भन्न सकेको पाइँदैन। बरामद भएका खुकुरी, रडसमेत आफ्नो होइन भनी प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयानमा लेखाएको देखिन्छ । बरामदी मुचुल्काका व्यक्ति रमेश लामाले चोरी भएको धनमाल र दशीसमेत के के बरामद भएको हो भनी बकपत्रमा सोधिएको प्रश्नको जवाफमा मलाई केही पनि थाहा छैन, घटना भएपछि मात्र थाहा पाएको हुँ भनी बकपत्र गरेको देखिँदा अभियोग दाबीको पुष्ट्याई शङ्कारहित रूपबाट हुन सकेको नदेखिने हुँदा जाहेरी दरखास्त, हुलिया निवेदन र जाहेरवालाको बकपत्रको कथनमा एकरूपता नदेखिई शङ्कास्पद देखिनुको साथै अनुसन्धानमा बुझिएका व्यक्तिहरूको व्यहोरा निजहरूको बकपत्रसँग बाझिएको, प्रतिवादीहरू अदालतसमक्ष आरोपित कसुर गरेमा इन्कार रहेको देखिन्छ । निजहरूले प्रहरीमा गरेको साबिती बयान स्वतन्त्र एवम् शङ्कारहित प्रमाणबाट समर्थित भएको देखिँदैन भने बरामद भएको सुनको मुन्द्रासमेत डाँका चोरी भएको थियो भनी जाहेरवालाले बकपत्र गर्दा स्पष्टरूपमा भन्न सकेको पाइएन। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित

गर्ने भार वादीको हुने भन्ने कानूनी व्यवस्था भएकामा सोबमोजिम वादी पक्षले प्रतिवादीहरूले आरोपित कसुर गरेको दाबी वस्तुनिष्ठ रूपबाट प्रमाणित गर्ने प्रमाण पेस गर्न नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत रहेको हुँदा सुरू ललितपुर जिल्ला अदालतले प्रतिवादीहरूलाई सफाइ दिने गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।१७ को फैसला मिलकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असार ७ गते रोज २ सुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०५४२, उत्प्रेषण, *जिवेश्वर लाखेसमेत वि. विराटनगर उपमहानगरपालिकाको कार्यालय, विराटनगरसमेत*

निवेदकले उल्लेख गरेको क्षेत्रभित्र बसोवास गर्ने सर्वसाधारण जनताको समेत चासो भएमा त्यस्ता व्यक्तिहरू स्वयम् आफैँ कानूनी उपचारको मार्ग अवलम्बन गर्न सक्षम भएकामा निजहरूले त्यसरी उपचारको मार्ग अवलम्बन गर्न वास्ता नगरेको विषयमा अर्को कुनै व्यक्ति वा संस्थाले अदालतमा निवेदन ल्याउँदैमा त्यस्ता सबै विवादहरूलाई सार्वजनिक हक वा सरोकार निहित रहेको विवाद मान्न सकिँदैन। बाटो विस्तार गर्ने कार्यबाट असर पर्ने सरोकारवालाहरू स्वयम् नै न्यायिक उपचारको लागि अदालतसमक्ष आउन सक्ने अवस्था छँदाछँदै त्यस्तो सक्षम व्यक्तिहरूको तर्फबाट अर्को कुनै व्यक्तिले निवेदन दिँदैमा सो विषय सार्वजनिक सरोकारको विषय हुन वा त्यस्तो विषयमा सार्थक सम्बन्ध र तात्त्विक सरोकार स्थापित रहेको मान्न सकिने अवस्था पनि नहुने।

निवेदकको निवेदनको प्रकृतिबाटै सार्वजनिक सरोकारको निवेदन नभई सीमित व्यक्तिहरूको सरोकार रहेको निवेदन देखिँदा त्यस्तो निवेदनको आधारमा यस अदालतबाट कुनै आदेश जारी गर्न मिल्ने देखिएन। कुनै खास जग्गाको सम्बन्धमा जग्गावालाबाट आफ्नो हकको स्रोत देखाई सम्पत्तिसम्बन्धी हकको बारेमा निवेदन दिन आएको अवस्थासमेत नभएको र निश्चित सम्पत्ति र निश्चित हकको सम्बन्धमा पनि माग दाबी रहेको नदेखिँदा यस्तो निवेदन माग कानूनमा आधारित भएको मान्न मिलेन । अत: निवेदकको मागबमोजिम प्रथम दृष्टिमा नैं आदेश जारी हुनसक्ने अवस्था नहुँदा कारण देखाउ आदेश जारी गरी विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन नपर्ने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल माघ ९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-०७८५, उत्प्रेषण / परमादेश, *भीष्मभूषण श्रेष्ठ वि. सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यी रिट निवेदकले अवलम्बन गरेको मार्ग नै कार्यविधिगतरूपमा त्रुटिपूर्ण रही प्रस्तुत रिट नै अपरिपक्व (Premature) रहेको देखिएको र गृह मन्त्रालयले उक्त जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गरी उपलब्ध गराउन नसकिने भनी निवेदकलाई मिति २०७०।४।१० मा जानकारी गराएपश्चात् निवेदकले सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० बमोजिम राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन गर्न पाउने वैकल्पिक कानूनी व्यवस्था रहँदारहँदै यी रिट निवेदक असाधारण क्षेत्राधिकारको सहारा लिई उपचारको माग गर्न आएको कुरा प्रथमदृष्टिमा नै त्रुटिपूर्ण रहेको देखिँदा प्रस्तुत रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १६ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७१-WO-०९३२, उत्प्रेषण/परमादेश, *कल्पना भट्ट वि. त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खु, कीर्तिपुर*

त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयले निर्धारित गरेको आफ्नो वार्षिक कार्ययोजनाअनुसार स्नातक तह (व्यवस्थापन) सङ्कायको परीक्षा फारम भर्ने म्याद आह्वान गरेकामा सो म्यादभित्र निज निवेदिकाले आफू अनुत्तीर्ण रहेको स्नातक तह व्यवस्थापन सङ्कायतर्फ तृतीय वर्षको Function of Advertising (MGT 331) विषयको फारम नभरी घर बसी मिति २०७२।१।९ गतेका दिनमात्र फारम बुझाउन त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयमा जाँदा त्रि.वि.वि का सह नियन्त्रकले "पहिलो पटक ३० दिन साधारण दस्तुर, त्यसपछि डबल दस्तुर लिने म्याद र त्यसपछि पनि थप ३ दिनको म्यादभित्र फारम नआएकाले फारम बुझ्न नसकिने" भनी निर्णय गरेको देखिन्छ। यस अर्थमा निज निवेदिकाले नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेको मौलिक हकअन्तर्गत धारा १२ र २७ अन्तर्गतको आफ्नो मौलिक हक हनन् भयो भनी भन्न मिल्ने अवस्था देखिएन। साथै प्रस्तुत रिट निवेदनमा माग गरिएको विषय के कुन कानूनको आधारमा दाबी गरिएको भन्ने स्पष्ट आधारसमेत निवेदकबाट पेस नभएको अवस्थामा स्पष्ट दाबी विनाको निवेदनबाट प्रस्तुत रिट निवेदनको सुनुवाई गर्नसक्ने अवस्था नदेखिँदा तत्काल विपक्षीबाट लिखित जवाफसमेत मगाइरहनु नपर्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दिपेन्द्रकुमार तिवारी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७२ साल जेठ २९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८८३, उत्प्रेषण/परमादेश, *रामकुमारी दाससमेत वि. लोचन दाससमेत*

अदालतको अन्तिम फैसला कार्यान्वयन हुनै पर्छ। कार्यान्वयन नहुँदै त्यसलाई रोकिपाउँ भनी भन्नु उपयुक्त हुँदैन। निवेदकहरूको हक हनन् हुने गरी कानूनविपरीत फैसला कार्यान्वयन भएमा सो देखाई निवेदकहरूले आउन मिल्ने हुँदाहुँदै फैसला कार्यान्वयन हुन नपाउँदै परेको प्रस्तुत रिट निवेदन अपरिपक्वसमेत देखिन्छ। लेनदेन फैसलाको कार्यान्वयन भनेको फैसलाबमोजिम साहूले साँवा ब्याज पाउनु हो। असामीले सो दिन नसकेमा मात्र जायजातबाट भरिपाउने हो। ऋणीले अन्तिम समयमा पनि साहूलाई नगद बुझाएमा अचल जग्गा जायजात र लिलाम हुने अवस्था नै उत्पन्न हुँदैन। यसरी के कसरी फैसला कार्यान्वयन हुन्छ भन्ने कुराकै टुङ्गो लागी नसकेको अवस्थामा बीचका कामकारवाहीलाई लिएर परेको यो रिट अपरिपक्वसमेत देखिने।

फैसला कार्यान्वयनको अन्तिम चरणसम्म कुनै नयाँ र कानूनसम्मत प्रमाण भएमा अदालतले त्यसलाई पनि मध्यनजर राखी फैसला कार्यान्वयन गर्नसक्ने नै हुँदा हालसम्म कुनै त्रुटि नदेखिएको फैसला कार्यान्वयनको विषयवस्तुमा रिट क्षेत्रबाट हात हाल्नु उपयुक्त नहुने।

माथिका प्रकरणहरूमा उल्लेख भएबमोजिम उल्लिखित लेनदेन मुद्दाको बिगो भरिभराउको कामकारवाही रोक्का राख्नुपर्ने ठहर्‍याएको सुरू धनुषा जिल्ला अदालतको मिति २०७०।११।४ को आदेशलाई बदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।१०।२३ को आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा विपक्षीहरूबाट कारण देखाउ आदेश माग गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम्।

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७२-WO-००३५, उत्प्रेषण/परमादेश, *विनोद सापकोटासमेत वि. त्रिभुवन*

*विश्वविद्यालय. कीर्तिपुर काठमाडौंसमेत*

निवेदकहरूले मिति २०७२।३।१७ मा प्रकाशित भएको सूचनाबमोजिमको म्यादभित्र सम्बन्धित क्याम्पसमा परीक्षा आवेदन फाराम बुझाएको भन्ने देखिएकाले निवेदकहरूले फाराम भर्ने म्याद ननघाएको अवस्थामा आफ्नो त्रुटिबेगर क्याम्पसको कारणले उत्पन्न परिणाम निवेदकहरूले भोग्न नपर्ने हुँदा निवेदन व्यहोरा साँचो भएपछि पूर्ण निर्णय हुँदा ठहरेबमोजिम हुने गरी हाल यी निवेदकहरूलाई परीक्षा प्रवेश पत्र दिई परीक्षामा सामेल गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ सा साउन १५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७२-WO-००२२, उत्प्रेषण, *कपिलदेव साह वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

पुनरावेदन अदालत, जनकपुरले लोचनदासको नामको भनी देखाएको कि.नं. ३६६ र १० को जग्गा दृष्टिबन्धकमा रही रोक्का रहेको र कि.नं. ११ को जग्गा तीन तह रोक्का रहिरहेको निवेदन जिकिर रहेको र ऋणीको एकाघर सगोलको भाउजू चन्द्रदेवीको नामको जग्गा भनी निवेदकले देखाएको कि.नं. ३०१ को जग्गा रोक्का नभई अन्यत्र हक हस्तान्तरण हुन गएमा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकलाई अपूरणीय क्षति हुनसक्ने देखिँदा पुनरावेदन अदालतबाट मिति २०७२।३।३१ मा रोक्का रहेको कि.नं. ३०१ को जग्गा फुकुवा हुने गरी भएको आदेश तत्काललाई कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(१) बमोजिम विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल साउन १२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-WO-०००९, उत्प्रेषण, *तारा पौडेल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

II Degree AV Block with Intermittant Complete Heart Block (Symptomatic), Status Post PPI भएकाले सम्बन्धित विशेषज्ञ डाक्टरबाट नियमित उपचार र फलोअपमा रहनु पर्ने भनी मेडिकल बोर्डबाट सिफारिस भई आएको देखिन्छ । साथै निवेदिकाको दरबन्दी रहेको धौलागिरी अञ्चल अस्पतालमा मुटु रोगका विशेषज्ञको दरबन्दी नरहेको र उक्त रोगका बिरामीहरूलाई उपचार गर्ने कुनै पनि चिकित्सक तथा आधुनिक साधनसमेत नरहेको भनी धौलागिरी अञ्चल अस्पतालबाट लेखी आएको पाइयो । निवेदिका मुटु रोगी भएकाले नियमित रूपमा विशेषज्ञ डाक्टरको Follow up मा रहनु पर्ने देखिएकाले तत्काल दरबन्दी रहेको स्थानमा पठाउँदा follow up हुन नसक्ने देखिएकाले निवेदिकालाई दरबन्दी रहेको कार्यालयमा हाजिर हुन नपठाई काजमा रहेकै कार्यालय, संस्थागत परिवार नियोजन क्लिनिक वीर अस्पतालमा हाजिर गराई नियमानुसार कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७२ साल साउन १२ गते रोज ३ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**